का.जि.प्र.का.द.नं. १००/०५९/६०
२५ असोज २०८३
आइतबार
11 October 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्याह्न

राष्ट्रिय दैनिक

ई-पेपर हेर्नुस्



# सरकारी विधेयकमा चुनावी कार्ड

चुनावमा नारा दिएझैं गरी आर्कषक योजना र नीतिसहित सरकारले एक पछि अर्को विधेयक संसद्मा दर्ता गरिरहेको छ। सत्तारुढ दल रास्वपाका नेताहरू भने यसलाई समयको संयोग भन्दछन्।



"चुनावको प्रक्रिया आफ्नो हिसावले जान्छ। कानुन निर्माणको आफ्नै प्रक्रिया छ। यी दुवै काम आ-आफ्ना ढंगले हुन्छन्।"

■ **जगदीश खरेल**
प्रवक्ता, रास्वपा



- जोखिमपूर्ण बस्ती स्थानान्तरण
- पहिलो घर बनाउनेलाई ७५ हजार अनुदान
- गाडी खरिदमा शिक्षकलाई ५० लाखसम्मको ऋणमा ब्याज सहुलियत
- भूमिहीन दलितलाई दुई वर्षभित्र जग्गा
- जग्गा नभए भूमिहीन दलितलाई पैसा अनुदान
- आमालाई ६ महिना सुत्केरी बिदा, बाबुलाई ४२ दिन बिदा
- प्रसूति हिंसा गर्नेलाई तीन महिनासम्म कैद वा ५० हजार जरिवाना
- आर्थिक अभावमा बिरामीलाई उपचारबाट वञ्चित गरे जेल
- फोहोरलाई मोहोर
- विपद्मा बेपत्ता भएकाको मृत्यु दर्ता सहज

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ असोज

स्थानीय चुनाव नजिकिँदै गर्दा सरकारले नागरिकका दैनिक जीवनसँग जोडिएका विषय समेटेर धमाधम विधेयक ल्याइरहेको छ। पहिलो घर बनाउने विपन्न परिवारलाई अनुदान, शिक्षकलाई सवारीसाधन खरिदमा ब्याज सहुलियत, भूमिहीन दलितलाई जग्गा, आमालाई ६ महिना सुत्केरी बिदा र फोहोर व्यवस्थापनमा नयाँ प्रणाली स्थापना गर्ने विषय फरक-फरक विधेयकमा आएका छन्।

झट्ट सुन्दा चुनावी नारा जस्ता लाग्ने यी विधेयक प्रतिनिधिसभामा दर्ता भएका छन्। केही नियमावली संशोधन वा कानुनी मस्यौदाका चरणमा छन्।

२०७९ साल वैशाख ३० गते स्थानीय तहको चुनाव भएको थियो। उक्त चुनावबाट निर्वाचित भएका जनप्रतिनिधिको कार्यकाल सकिँदैछ। यहीबेला सरकार पनि धमाधम जनताले सोध्न सक्ने सम्भावित प्रश्नको जवाफ दिने र नागरिकमा विश्वास आर्जन गर्ने गरी विधेयक ल्याइरहेको हो।

सरकारले भवन ऐन संशोधन विधेयकमार्फत आर्थिक रूपमा विपन्न परिवारलाई पहिलो घर बनाउन सहयोग गर्ने प्रस्ताव गरेको छ। प्रस्तावअनुसार अतिविपन्न परिवारले घर निर्माणका लागि संघीय र प्रदेश सरकारबाट गरी कम्तीमा ७५ हजार रुपैयाँ अनुदान पाउन सक्नेछन्। संघीय सरकारले ५० हजार र प्रदेश सरकारले कम्तीमा २५ हजार रुपैयाँ उपलब्ध गराउने व्यवस्था प्रस्ताव गरिएको छ।

त्यस्तै, घर बनाउन आवश्यक प्राविधिक सहयोग, निर्माण सामग्रीमा सहजीकरण र सुरक्षित आवासका लागि सहुलियतपूर्ण वित्तीय व्यवस्था पनि प्रस्तावमा छन्। मध्यम आय भएका परिवारका लागि सुरक्षित घर निर्माण गर्न किस्ताबन्दीमा रकम तिर्न मिल्ने विकल्पसमेत अघि सारिएको छ।

भवन निर्माणलाई सुरक्षित बनाउने, पुराना भवनको संरचनागत अवस्था जाँच गर्ने र निर्माण मापदण्ड उल्लंघन गर्नेलाई कारबाही गर्ने व्यवस्थासमेत विधेयकमा प्रस्ताव गरिएको छ। यो विधेयक प्रतिनिधिसभामा दर्ता भइसकेको छ।

यसैगरी, शिक्षकलाई लक्षित गर्दै व्यवस्था शिक्षा (एघारौं संशोधन) नियमावली, २०८३ मा आएको छ। शिक्षा तथा खेलकुद मन्त्रालयले अर्थ मन्त्रालयको सहमतिका लागि पठाएको प्रस्तावअनुसार माध्यमिक तह प्रथम श्रेणीका शिक्षकले ५० लाख र द्वितीय श्रेणीका शिक्षकले ४० लाख रुपैयाँसम्मको सवारीसाधन खरिद गर्न सक्नेछन्।

माध्यमिक तह तृतीय श्रेणी, निम्नमाध्यमिक र प्राथमिक तहका सबै श्रेणीका शिक्षकले भने चार लाख रुपैयाँसम्मको दुईपांग्रे सवारीसाधन खरिद गर्न सक्ने प्रस्ताव छ। बैंकमार्फत हुने वित्तीय व्यवस्थामा सवरीसाधनको लागतसँग सम्बन्धित किस्तागत

»» पृष्ठ २ मा



# कांग्रेसमा पुस्तान्तरण गगन सभापति

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २४ असोज

नेपाली कांग्रेसको १५औं महाधिवेशनबाट गगनकुमार थापा अत्यधिक मतसहित सभापतिमा विजयी भए। लामो विरासत बोकेको कांग्रेसमा विशेष महाधिवेशनबाट नेतृत्वमा आएका थापा १५औं महाधिवेशन गरेर वैधानिकरूपमा चार वर्षका लागी पार्टी सत्तामा आएका हुन्।

उनले ६ हजार ५८४ मत प्राप्त गर्दा उनका प्रतिस्पर्धी श्यामकृष्ण खड्गीले ३७५ मत पाएका छन्। ५४ मत बदर भएको थियो। निर्वाचन समितिका अनुसार ७ हजार ३१७ महाधिवेशन प्रतिनिधिमध्ये ७ हजार ३९ जनाले मतदान गरेका थिए।

यो महाधिवेशनबाट नेपाली कांग्रेसले नयाँ जीवन पाएको नेताहरूले प्रतिक्रिया दिएका छन्। 'लामो विरासत र इतिहासलाई साक्षी राखेर मुल नेतृत्वमा युवा पुस्ताको जबरजस्त उदयले कांग्रेस पार्टीमा जनलहर बढेको छ,' नेता प्रदीप पौडेलले बताए। उनले नवयुवाहरूको भावना समेटेर थापासँग लामो सहकार्य गर्ने बताए। थापा कुनै राजनीतिक लिगेसी र पारिवारिक विरासत भन्दा बाहिरबाट पहिलो पुस्ताका रूपमा पार्टी नेतृत्वमा पुगेका हुन्। लामो राजनीतिक संघर्ष र लिगेसीकै आधारमा नेतृत्व लिँदै आएका पुराना नेताहरू यो महाधिवेशनबाट बाहिरिए।

महाधिवेशन उद्घाटन समारोहमा नआएका पूर्वसभापति शेरबहादुर देउवा पक्षका केही नेताहरू फरक बाटोमा लागेका छन्। तर पार्टीको मुल बाटोबाट चार वर्षका लागि सभापति बनेका थापासामु आन्तरिक मेलमिलापसँगै जनअपेक्षा अनुसार पार्टी हाँक्नुपर्ने चुनौती छ। पूर्वसभापति

»» पृष्ठ २ मा

## थापाको राजनीतिक यात्रा

सभापति थापाको राजनीतिक यात्रा २०४६ सालको जनआन्दोलनसँग जोडिएको छ। कक्षा ९ मा अध्ययनरत रहँदा आन्दोलनमा सहभागी भएका उनले सोही वर्ष बालकांग्रेसको सदस्य बनेर औपचारिक रूपमा राजनीतिक यात्रा सुरु गरेका थिए।

२०४८ सालमा नेपाल विद्यार्थी संघ (नेविसंघ) काठमाडौं वडा नम्बर ३३ को सचिव बनेका थापा २०५१ सालमा त्रिचन्द्र क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन सदस्य निर्वाचित भए। २०५३ सालमा स्ववियु सचिव र २०५५ सालमा सभापति बनेका उनले विद्यार्थी राजनीतिमा आफ्नो पकड विस्तार गरे।

२०५५ सालमै त्रिभुवन विश्वविद्यालयको सिनेट सदस्य बनेका थापा २०५७ सालमा नेविसंघको केन्द्रीय उपाध्यक्ष र २०५९ सालमा महामन्त्री निर्वाचित भए। विद्यार्थी राजनीतिमा सक्रिय रहँदा उनले राजाको प्रत्यक्ष शासनविरुद्धको आन्दोलनमा समेत नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए।

२०६१ सालको आन्दोलनका क्रममा उनीमाथि राजद्रोहको मुद्दा लागेको थियो। अन्तर्राष्ट्रिय मानवअधिकार संस्था एम्नेस्टी इन्टरनेसनलले उनलाई 'आस्थाको बन्दी' घोषणा गरेको थियो। २०६२/६३ सालको जनआन्दोलनमा लोकतन्त्र र गणतन्त्रको पक्षमा सक्रिय भएपछि उनी राष्ट्रिय राजनीतिमा थप परिचित बने।

२०६४ सालको संविधानसभा निर्वाचनमा समानुपातिकतर्फबाट सभासद् बनेका थापाले संविधान निर्माण, मौलिक हक, बालअधिकार, नागरिकता र ऊर्जा सुरक्षालगायत विषयमा काम गरे। २०७० सालमा काठमाडौं क्षेत्र नम्बर ४ बाट निर्वाचित भएपछि उनी संविधान निर्माण प्रक्रियामा सक्रिय रहे। २०७१

»» पृष्ठ २ मा

# बढ्दो असन्तुष्टिले दिल्ली अशान्त

**काठमाडौं/मस-** शनिबार बिहानैदेखि भारतको नयाँ दिल्लीमा ३५ हजार सुरक्षाकर्मी परिचालन गरियो। 'कक्रोच जनता पार्टी' (सिजेपी)ले गरेको आन्दोलनलाई दबाउन भारत सरकारले सुरक्षाकर्मी तैनाथ गरेको थियो। भारतमा केही समयदेखि कक्रोच जनता पार्टीको अगुवाइमा चलिरहेको विद्रोहले दिल्ली अशान्त बनेको छ। एकातिर नवयुवाहरूको विद्रोह फैलिरहेको छ भने अर्कोतिर विपक्षी दलहरूले सरकारविरुद्ध अभियान चलाएका छन्।




भारतको निर्वाचन आयोगविरुद्ध आह्वान गरिएको ठूलो विरोध प्रदर्शनअघि शनिबार व्यंग्यात्मक अनलाइन अभियान सिजेपीका प्रमुखसहित नेता र अभियान्ताहरूलाई प्रहरीले नियन्त्रणमा लिएको छ। सरकारी पक्षको दमनले आन्दोलनकारीको असन्तुष्टि थप बढ्दै गएको छ। शनिबार प्रसिद्ध युट्युबर ध्रुव राठीलाई दिल्ली प्रहरीले पक्राउ गरेको छ। ९ अक्टोबर साँझ दिल्ली गेटमा राठीले मोदी सरकारलाई लक्षित गर्दै भिडियो सार्वजनिक गरेका थिए। दिल्लीमा चलिरहेको आन्दोलन दबाउन मोदी सरकारले

»» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मलेसियामा तलब वृद्धि : कोही खुसी, कोही सशंकित

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, मलेसिया, २४ असोज

संसारलाई नै चकित पार्ने गरी मलेसियामा भएको न्यूनतम तलब वृद्धिले ठूलो संख्यामा श्रमिक खुसी भए पनि विगतदेखि न्यूनतम तलब नपाएको गुनासो गरिरहेका सेक्युरिटी गार्डहरू बढेको तलब पाउनेमा सशंकित देखिन्छन्।

अधिकांश सेक्युरिटी गार्डले दुई वर्षअघि वृद्धि भएको मासिक १७ सय रिंगेटसमेत पाउन नसकेको अवस्थामा आगामी जुनदेखि बढ्ने २ हजार रिंगेट पाउने बलियो आधार नदेखेको बताएका छन्। मलेसियाका प्रधानमन्त्री डा. अनवर इब्राहिमले शुक्रबार आगामी जुनदेखि मासिक तलब २ हजार रिंगेट हुने घोषणा गरेपछि सामाजिक सञ्जालमा तलब बढेको भन्दै सकारात्मक समाचार फैलिएको छ।

हाल मलेसियामा सेक्युरिटी गार्डको रोजगारी गरिरहेका नुवाकोटका श्याम लामा भन्छन्, मलेसियामा रहेका ४ लाख वैधानिक नेपाली श्रमिकमध्ये करिब २ लाखले यसअघिको १७ सय रिंगेट मासिक तलब पाउन सकेका छैनन्।'

मलेसियास्थित नेपाली दूतावास र मलेसियाको श्रम विभागको अनुगमन प्रभावकारी नहुँदा सेक्युरिटी गार्डले लामो समय काम गर्दा पनि पूरा तलब नपाएको गुनासो गरिरहेका छन्। नेपाली दूतावासले तोकिएको तलब श्रमिकको बैंक खातामार्फत दिलाउने उच्चस्तरको प्रयास भए पनि जनशक्तिको अभावमा रोजगारदाताको अनुगमनमा समस्या रहेको स्वीकार गर्दै आएको छ।

मलेसियामा मासिक ४ सय ८१ रिंगेट तलब हुँदा काम सुरु गरेका नेपाली श्रमिक अहिलेसम्म पनि काम गरिरहेका छन्। मलेसियामा ४ सय ८१, ५ सय ४६, ६ सय ३०, ९ सय, १२ सय, १५ सय, १७ सय हुँदै २ हजार रिंगेटसम्मको आधारभूत तलब भएको हो। तर, साना तथा मझौला व्यवसायलाई कार्यान्वयनमा छुट दिइएकाले सबै श्रमिकले एकै समयमा नयाँ तलब पाउने अवस्था छैन।

खासगरी मलेसियाको सुरक्षा क्षेत्रमा कार्यरत नेपाली सेक्युरिटी गार्डका लागि भने मुख्य प्रश्न तलब बढ्नु मात्र नभएर कम्पनीले नयाँ न्यूनतम तलब र ओभरटाइमको रकम कानुनअनुसार दिन्छन् कि दिँदैनन् भन्ने रहेको छ। सरकारले तलब बढाउने घोषणा गर्‍यो भन्दैमा अब श्रमिकले वास्तविक लाभ पाउने सुनिश्चितता भयो भनेर भन्न नसकिने कतिपयको टिप्पणी छ। मलेसियामा तलब बढेसँगै श्रमिकको अधिकार कार्यान्वयनमा पनि कडाइ हुनुपर्ने त्यहाँ कार्यरत रमेश कोइरी बताउँछन्।

सेक्युरिटी क्षेत्रमा श्रम शोषण र बेथिति रहेका कारण नेपाली

»» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com

२५ असोज २०८३ आइतबार
11 October 2026 Sunday

# सरकारी सफ्टवेयर र हार्डवेयर खरिदको अवस्था अध्ययन गर्न समिति गठन

**काठमाडौं/मस–** भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मातहतका निकायमा प्रयोग भइरहेका सफ्टवेयर तथा हार्डवेयरको खरिद प्रक्रिया, गुणस्तर र उपयोगिताबारे अध्ययन गर्न समिति गठन गरेको छ ।

नापी विभाग र भूमि व्यवस्थापन तथा अभिलेख विभागमा प्रयोग भइरहेका 'नेलिस', एलआरएमआइएस तथा 'मेरो कित्ता' प्रणालीका लागि खरिद गरिएका सफ्टवेयर र हार्डवेयरको वास्तविक अवस्था पहिचान गर्न समिति गठन गरिएको मन्त्रालयका मन्त्री प्रतिभा रावलको सचिवालयले जनाएको छ ।



मन्त्रालयको २०८३ भदौ २३ गतेको निर्णयअनुसार गठन भएको समितिलाई सात दिनभित्र प्रतिवेदन पेस गर्न कार्यादेश दिइएको छ । समितिले खरिद गरिएका उपकरण तथा सफ्टवेयरको अवस्था, प्रयोग, गुणस्तर र उपयोगिताबारे अध्ययन गर्नेछ ।

मन्त्रालयका सहसचिव धोलकराज ढकालको संयोजकत्वमा गठित समितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना प्रविधि निर्देशक प्रतिनिधि, मन्त्रालयका उपसचिव देवेन्द्र सापकोटा, उपसचिव रामचन्द्र रेग्मी, लेखा अधिकृत दिगम्बर रिजाल र शाखा अधिकृत लोकमणि खनाल सदस्य छन् । कम्प्युटर इन्जिनियर दुबेश श्रेष्ठ सदस्य सचिव रहेका छन् ।

समितिलाई सफ्टवेयर तथा हार्डवेयर खरिदसम्बन्धी सम्पूर्ण विवरण र कागजात अध्ययन गर्ने जिम्मेवारी दिइएको छ । त्यस्तै, खरिद प्रक्रिया प्रचलित मापदण्डअनुसार भए-नभएको जाँच गर्ने तथा खरिद गरिएका उपकरण र सफ्टवेयरको अवस्था, गुणस्तर र उपयोगिताबारे स्थलगत निरीक्षण गर्ने कार्यादेश छ ।

यसैगरी, खरिद प्रक्रियामा सम्भावित अनियमितता वा सार्वजनिक स्रोतको दुरुपयोग भए-नभएको समेत समितिले जाँचबुझ गर्नेछ । अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा सुधारका लागि स्पष्ट सुझावसहित प्रतिवेदन पेस गर्न समितिलाई भनिएको छ ।

समितिको अध्ययनबाट भूमि प्रशासनसँग सम्बन्धित डिजिटल प्रणालीको प्रभावकारिता, खरिद गरिएका प्रविधिको वास्तविक उपयोग र सार्वजनिक स्रोतको प्रयोगबारे अवस्था स्पष्ट हुने अपेक्षा गरिएको छ ।

# दसैं सुरु, आज घटस्थापना

**काठमाडौं/मस–** नेपालीको महान् पर्व बडादसैं आजदेखि सुरु भएको छ । आश्विन शुक्ल प्रतिपदाका दिन मनाइने घटस्थापनासँगै दसैंको नवरात्र आरम्भ भएको हो ।



घटस्थापनाका दिन घरघरमा दियो, कलश र गणेश स्थापना गरी देवी दुर्गाको पूजा आराधना गरिन्छ । यसै दिन विधिपूर्वक जमरा राख्ने परम्परा छ । घरको पूजा कोठा वा दसैं घरमा शुद्ध माटो तथा बालुवा राखेर त्यसमाथि जौ छरिन्छ । नौ दिनसम्म दुर्गा भवानीको पूजा आराधना गरी विजयादशमीका दिन देवीको प्रसादका रूपमा टीका र जमरा ग्रहण गर्ने चलन छ ।

घटस्थापनाका दिन घट अर्थात् कलश स्थापना गरी शक्तिस्वरूपा दुर्गाको आह्वान र पूजा गरिने भएकाले यस दिनलाई घटस्थापना भनिएको हो । दसैंमा नवदुर्गाको पूजा आराधना गरी सुख, शान्ति, समृद्धि र कल्याणको कामना गर्ने धार्मिक परम्परा छ ।

नेपाल पञ्चांग निर्णायक विकास समितिले सार्वजनिक गरेको पात्रोअनुसार यस वर्ष असोज २५ गते आइतबार घटस्थापना परेको छ । घटस्थापनाको शुभ साइत बिहान ११ बजेर ४७ मिनेटमा रहेको जनाइएको छ । घटस्थापनासँगै सुरु हुने नवरात्रमा भक्तजनले विभिन्न शक्तिपीठमा पुगेर पूजा आराधना गर्ने गर्छन् ।

दसैंको प्रमुख दिन विजयादशमी कात्तिक ४ गते बुधबार परेको छ । नेपाल पञ्चांग निर्णायक विकास समितिका अनुसार त्यस दिन बिहान ८ बजेर ४९ मिनेटमा देवी विसर्जनको साइत रहेको छ भने टीका लगाउने उत्तम साइत बिहान १० बजेर २६ मिनेटमा रहेको छ । टीका लगाउँदा पश्चिम मोहडा गरेर बस्नुपर्ने समितिले जनाएको छ । यद्यपि, विजयादशमीका दिन दिनभर मान्यजनबाट टीका, जमरा र आशीर्वाद ग्रहण गर्न सकिनेछ ।

यस वर्ष असोज २६ गते झन्डा फेर्ने साइत बिहान १० बजेर ७ मिनेटमा रहेको छ । असोज ३१ गते फूलपाती, कात्तिक १ गते महाअष्टमी र कात्तिक ३ गते महानवमी परेको छ। कात्तिक ८ गते कोजाग्रत व्रत तथा पूर्णिमा व्रतसँगै १५ दिन लामो दुर्गा पक्षको समापन हुने जनाइएको छ ।

दसैं नेपाली समाजमा धार्मिक, सांस्कृतिक र पारिवारिक महत्व बोकेको पर्वका रूपमा मनाइन्छ । रोजगारी, अध्ययन तथा विभिन्न पेसा व्यवसायका सिलसिलामा घरबाट टाढा रहेका नेपाली यस अवसरमा परिवारसँग भेटघाट गर्न र मान्यजनबाट आशीर्वाद लिन घर फर्कने गर्छन् ।

दसैं नजिकिएसँगै बजारमा किनमेल गर्नेको चहलपहल बढेको छ । नयाँ लुगा लगाउने, मीठो खाने, आफन्तसँग भेटघाट गर्ने, पिङ खेल्ने र चंगा उडाउने गतिविधिले पर्वको रौनक बढाउँछन् । सरकारले पनि दसैंका बेला उपभोक्तालाई राहत दिन विभिन्न स्थानमा सुपथ मूल्य पसल सञ्चालन गर्दै आएको छ ।

दसैंका अवसरमा देशभरका दुर्गा मन्दिर तथा शक्तिपीठमा भक्तजनको घुइँचो लाग्ने गर्छ । नौ दिनसम्म देवी दुर्गाको पूजा आराधना गरी दसैंको मुख्य दिन विजयादशमीमा टीका, जमरा र आशीर्वाद ग्रहण गरिन्छ । यस पर्वले पारिवारिक सम्बन्ध, आपसी सद्भाव र सामाजिक एकतालाई थप बलियो बनाउने विश्वास गरिन्छ ।

# रौतहटका चार ठाउँमा यात्रु सहायता कक्ष, चन्द्रनिगाहपुरमा रिफ्रेस सेन्टर

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २४ असोज

नेपालीहरूको महान् चाडपर्व दसैं, तिहार तथा छठ पर्व नजिकिँदै गर्दा सवारी साधन तथा यात्रुहरूको चापलाई मध्यनजर गर्दै रौतहटमा सुरक्षित र सहज आवागमनका लागि विशेष सुरक्षा तथा सहजीकरण व्यवस्था मिलाइएको छ । यात्राका क्रममा यात्रुहरूले भोग्नुपर्ने विभिन्न समस्या भाडादरसम्बन्धी मनपरी, ठगी तथा दुर्व्यवहार नियन्त्रण गर्न जिल्लाका प्रमुख चार स्थानमा यात्रु सहायता कक्ष स्थापना गरिएको छ ।




जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुर रौतहट र स्थानीय सुरक्षा निकायको संयुक्त पहलमा जिल्लाका प्रमुख यातायात केन्द्र मानिने चपुर चौक, गौर, गरुडा र वंकुलमा यात्रु सहायता कक्ष सञ्चालनमा ल्याइएको हो ।

लामो दूरीका यात्रा गर्ने यात्रुहरूको थकान र स्वास्थ्य समस्यालाई ध्यानमा राख्दै जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरको अगाडि रिफ्रेस सेन्टर सञ्चालन गरिएको ट्राफिक प्रहरी निरीक्षक राजेन्द्र थापा मगरले बताए । उक्त रिफ्रेस सेन्टरमा यात्राका क्रममा यात्रुहरूका लागि सुस्ताउने ठाउँका साथै शुद्ध खानेपानी र सफा शौचालयको निःशुल्क सुविधा उपलब्ध गराइएको छ । राजमार्गमा सवारी चालकहरूको थकानका कारण हुन सक्ने दुर्घटना न्यूनीकरण गर्न र यात्रुलाई यात्राका क्रममा ताजा महसुस गराउन यो कदम फलदायी हुने अपेक्षा गरिएको छ ।

तोकिएको भन्दा बढी भाडा असुल्ने, फर्जी टिकट बिक्री गर्ने वा सिट क्षमताभन्दा बढी यात्रु राख्ने सवारी साधनमाथि तत्काल कारबाही तथा निगरानी गर्ने, यात्राका क्रममा यात्रुमाथि हुने दुर्व्यवहार, बिचौलियाको ठगी तथा अनधिकृत सास्ती नियन्त्रण गर्ने, यात्राका क्रममा सवारी साधनमा सामान छुटेको वा हराएको खण्डमा खोजतलासका लागि तत्काल समन्वय गर्ने पनि बताइएको छ ।

यस्तै कुनै पनि प्रकारको दुर्घटना, सुरक्षा जोखिम वा स्वास्थ्य समस्या परेमा सुरक्षाकर्मी परिचालन गरी तत्काल उद्धार र सहजीकरण गर्ने र चाडपर्वका बेला सडक सुरक्षालाई चुस्त दुरुस्त बनाउन प्रहरी तथा ट्राफिक प्रहरीको टोली चौबीसै घण्टा खटिनेछन् । यात्राका क्रममा कुनै पनि किसिमको समस्या वा ठगीमा परेमा ढिलाइ नगरी नजिकको प्रहरी कार्यालय, यात्रु सहायता कक्ष वा नेपाल प्रहरीको टोल फ्री नम्बर १०० तथा ट्राफिक प्रहरीको टोल फ्री नम्बर १०३ मा तुरुन्त सम्पर्क गर्न जिल्ला प्रहरी तथा ट्राफिक कार्यालयले सर्वसाधारण यात्रु, चालक र व्यवसायीहरूमा अनुरोध गरेको छ ।

# चरिकोटमा यात्रु सहायता कक्ष

**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, २४ असोज

चाडपर्वको समयमा यात्रुलाई सहज, सुरक्षित र व्यवस्थित यात्रा सुनिश्चित गर्ने उद्देश्यले जिल्ला प्रहरी कार्यालय दोलखा र जिल्ला ट्राफिक प्रहरी कार्यालय दोलखाले सदरमुकाम चरिकोटको सातदोबाटोमा यात्रु सहायता कक्ष स्थापना गरेका छन् । चाडपर्वका बेला सार्वजनिक यातायातमा यात्रा गर्ने यात्रुले भोग्नुपर्ने समस्या न्यूनीकरण गर्ने, यात्रुलाई आवश्यक सहयोग उपलब्ध गराउने तथा यातायातलाई सुरक्षित र व्यवस्थित बनाउने उद्देश्यले सहायता कक्ष स्थापना गरिएको हो ।



यात्रु सहायता कक्ष स्थापनापछि जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी निरीक्षक किरण लोप्चनले यात्रुहरूलाई कार्यक्रमको उद्देश्य र सहायता कक्षबाट उपलब्ध हुने सेवाबारे जानकारी दिए । उनले यात्राका क्रममा कुनै समस्या परेमा प्रहरीसँग सम्पर्क गरी आवश्यक सहयोग लिन यात्रुहरूलाई आग्रह गरे । त्यसैगरी, जिल्ला ट्राफिक प्रहरी कार्यालय दोलखाका प्रमुख रोहित हुमागाईंले पनि चाडपर्वको समयमा सवारी दुर्घटना न्यूनीकरण, ट्राफिक नियमको पालना र सुरक्षित यात्राको महत्वबारे जानकारी गराए ।

सहायता कक्षमार्फत यात्रुले यात्राका क्रममा भोगेका समस्या, सार्वजनिक यातायातमा हुन सक्ने अनियमितता तथा अन्य गुनासो सम्बन्धित निकायसमक्ष राख्न सक्नेछन् । चाडपर्वको समयमा यात्रुको चाप बढ्ने भएकाले यात्रुलाई सुरक्षित र सहज यात्रा गराउन प्रहरी तथा ट्राफिक प्रहरीले यस्तो व्यवस्था गरेका हुन् ।

## सरकारी...

ब्याजको ८० प्रतिशतसम्म सरकारले सहुलियतस्वरूप व्यहोर्ने र बाँकी २० प्रतिशत शिक्षक आफैंले व्यवस्थापन गर्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

आमालाई छ महिना र बाबुलाई ४२ दिन सुत्केरी बिदा दिने गरी सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन संशोधन विधेयक आएको छ ।

प्रस्तावअनुसार आमाले कम्तीमा छ महिना र बच्चा जन्मिएपछि बाबुले ४२ दिन सवेतन बिदा पाउने व्यवस्था गर्न खोजिएको छ । यसले नवजात शिशुको हेरचाहलाई आमाको मात्र जिम्मेवारी नमान्ने र अभिभावक दुवैको भूमिका स्थापित गर्ने उद्देश्य राखेको छ।

प्रसूति हिंसा गर्नेलाई तीन महिनासम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय प्रस्ताव गरिएको छ । स्वास्थ्य संस्थाले आर्थिक वा अन्य कारण देखाएर प्रसूति सेवा दिन अस्वीकार गर्न नपाउने व्यवस्था पनि प्रस्तावमा छ ।

भूमिहीनलाई जग्गा दिने विषय पनि आएको छ ।

भूमिहीन दलितको जग्गासम्बन्धी संवैधानिक अधिकार कार्यान्वयन गर्ने विषय पनि सरकारको कानुनी एजेन्डामा छ । सरकारले भूमिहीन दलितलाई जग्गा उपलब्ध गराउने वा जग्गा उपलब्ध गराउन नसकिए खरिदका लागि अनुदान दिने व्यवस्थातर्फ काम अघि बढाएको छ ।

तर जग्गा पहिचान, लाभग्राही छनोट, बजेट र समयसीमा कार्यान्वयनका प्रमुख प्रश्न रहनेछन् । सरकारले यसअघि पनि भूमिहीन तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने प्रतिबद्धता जनाएको थियो ।

त्यस्तै, फोहोरमैला व्यवस्थापन विधेयकले फोहोरलाई केवल विसर्जन गर्नुपर्ने वस्तु नभई पुनः प्रयोग गर्न सकिने स्रोतका रूपमा हेर्ने प्रस्ताव गरेको छ ।

जैविक फोहोरबाट मल, फोहोरबाट ऊर्जा तथा उपयोगी सामग्री उत्पादन, पुनः प्रयोग र निजी क्षेत्रको सहभागितालाई व्यवस्थित गर्ने अवधारणा यसमा समेटिएको छ। विधेयक प्रतिनिधिसभामा दर्ता भएको संसद्को अभिलेखमा देखिन्छ ।

यी प्रस्तावले आवास, शिक्षा, मातृत्व, भूमि अधिकार र वातावरणजस्ता फरक क्षेत्रका समस्या सम्बोधन गर्न खोजेको छ ।

स्थानीय चुनाव नजिकिँदै गर्दा यी प्रस्ताव नागरिकसँगको छलफल र राजनीतिक दलका अभियानमा पनि उठ्ने सम्भावना छ । तर रास्वपाले सरकारले यी काम गर्दैछ भनेर विधेयकका प्रस्तावित व्यवस्था देखाउने आधार बनाउँछन् ।

रास्वपाका प्रवक्ता जगदिश खरेल कानुन निर्माण र चुनावको आ-आफ्नो प्रक्रिया रहेको बताउँछन् ।

उनी भन्छन्, 'चुनावको प्रक्रिया आफ्नो हिसावले जान्छ । कानुन निर्माणको आफ्नै प्रक्रिया छ ।'

## कांग्रेसमा...

गिरीजाप्रसाद कोइरालापुत्री सुजाता कोइरालाबाहेक कांग्रेसको विराशत धानेका र संस्थापक नेताहरूको लिगेसी बोकेका नेताहरूले महाधिवेशन बहिस्कार नै गरे । तर उनिहरुलाई यस अघिनै जनताले बहिस्कार गरिसकेका कारण पार्टीभित्र समेत कम महत्वकासाथ हेर्न थालिएको छ ।

सन्त नेता कृष्णप्रसाद भट्टराईको लिगेसीबाट आएका नेता पूर्वसभापति शेरबहादुर देउवा, पूर्वउपसभापति पूर्णबहादुर खड्ले महाधिवेशनमा भाग नलिएर सामनान्तर महाधिवेशनतिर लागेका छन् । त्यस्तै संस्थापक नेताहरू बिपी कोइराला र गणेशमान सिंहका पुत्र डा. शशांक कोइराला र प्रकाशमान सिंहपनि त्यतै लागेका छन् । विपीपुत्र शशांकले समानान्तर महाधिवेशनमो नेतृत्व गरेर कांग्रेस विभाजनको बाटोलाई फराकिलो बनाएर आरोप समेत लाग्दै आएको छ ।

गणेशमासिंह पुत्र प्रकाशमान उनकै मुख्य सहयोग बनेका छन भने गिरीजाप्रसाद कोइरालासँग नजिक रहेर काम गरेका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला र कोइरालाको लिगेसी धान्न तयार भएका नेता डा.शेखर कोइराला समेत यो महाधिवेशनमा सहभागी नहुँदा कांग्रेस पार्टीमा संस्थापक नेताहरुको लिगेसी, विराशत अन्त्य भएको हो । अहिले गगन थापा, विश्वप्रकाश शर्मा, प्रदीप पौडेल, गुरु घिमिरे र पुष्पा भुसालले कांग्रेसको पहिलो पुस्ताको नेतृत्व गर्न पुगेका छन् । यसले कांग्रेसको नीति र नेतृत्वमा पूरै नयाँपन आएको छ ।

यद्यपि कांग्रेसका संस्थापक र शीर्ष नेताको लिगेसी बोकेका नेताहरूले महाधिवेशन बहिष्कारो सन्देशले १५औं महाधिवेशन एकताको महाधिवेशन हुन नसकेको पुष्टि गरेको छ । एउटै दलको साझा महाधिवेशन गर्न नसकेपछि पार्टी औपचारिक फुटमा पुगेको छ । महाधिवेशनको उद्घाटन समारोहमा अन्य राजनीतिक दलले समेत जति बोलाउँदा पनि नआउने देउवालाई छाडेर अघि बढ्न सुझाव दिएका थिए । सभापति गगन थापाले पनि बिपी र गणेशमानले नागरिक स्वतन्त्रताको आवाज उठाएको खुलामञ्चमा पार्टीको महाधिवेशन उद्घाटन हुँदै गर्दा बिपी र गणेशमानको आत्मा आफ्ने पक्षसँग रहेको दाबी गरे ।

सोहीक्रममा उनले नेताका छोराहरूको समेत खोजी गरेका थिए । आफ्नै पुर्खाले बनाएको र आफ्नो जीवन लगानी गरेको पार्टीको महाधिवेशन छाडेर अन्यत्र अल्मलिएको प्रति महाधिवेशनमा सहभागी प्रतिनिधिहरूले गुनासो गरे । सभापति थापाले कांग्रेसका सबै गुट भत्कीएको र अबको कांग्रेस गुटरहित हुने दाबी समेत गरेका छन् ।

यो महाधिवेशनलाई नेतृत्व चयन गर्ने इभेन्टका रूपमा मात्रै नलिन आग्रह गर्दै उनले यसै भेलाबाट केही संकल्प गर्ने दाबी गरेका छन् । पूर्वसभापति देउवालाई लिनका लागि पार्टीका नेताहरू कतिपटक जाने र कसरी जाने ? भन्ने प्रश्न गर्दै उनले भने, 'पूर्वसभापति शेरबहादुर देउवाका लागि कुर्सी खाली राखेका थियौं । तर आउनुभएन । कतिपटक जाने हो, लिन कसरी जाने हो ?'

पार्टी सभापति थापाले भने कांग्रेसका पुराना नेताहरूले कांग्रेस छाडेको हो कि होइन भन्ने विषयमा स्पष्ट उत्तर दिनुपर्ने बताए । 'केही साथीहरू छाडेर जानुभएको छ । उहाँहरूलाई कांग्रेसले छाडेको हो । यो पनि हामीले भन्नुपर्नेछ । यसको उत्तर अब दिनुपर्छ,' थापाले प्रश्न गरे ।

गत पुसमा विशेष महाधिवेशनबाट सभापति निर्वाचित भएका थापाले पार्टी १५औं महाधिवेशनबाट समेत भारी मतकासाथ निर्वाचित भएपछि पार्टी मिलाएर लाने जिम्मेवारी आफ्नो भएको बताएका छन् । उनी १४औं महाधिवेशनबाट महामन्त्री निर्वाचित भएका उनी त्यसअघि केन्द्रीय सदस्य हुँदै पार्टीको केन्द्रीय नेतृत्वमा स्थापित भएका थिए । विद्यार्थी राजनीतिबाट कांग्रेसको मूल राजनीतिमा आएका थापा लामो समयदेखि पार्टीभित्र पुस्तान्तरण, संगठन सुधार र आन्तरिक लोकतन्त्रका विषयलाई उठाउँदै आएका नेता हुन् । उनले पार्टीको नेतृत्व र उम्मेदवार छनोट प्रक्रियामा तल्लो तहका सदस्यको सहभागिता बढाउनुपर्ने प्रस्ताव अघि सारेका छन् । पार्टी सभापति समेत प्रत्यक्ष मतदानबाट चयन गर्ने व्यवस्था गर्नुपर्ने उनको प्रस्ताव आगामी दिनमा छालफलको विषय बनाईन थापाले बताएका छन् ।

## थापाको ...

सालमा कृषि तथा जलस्रोत समितिको सभापति बनेर कृषि, ऊर्जा र जलस्रोतसम्बन्धी नीतिगत बहसमा योगदान पुऱ्याए ।

२०७३ सालमा स्वास्थ्य मन्त्री बनेका थापाले आफ्नो नौमहिने कार्यकालमा स्वास्थ्य सेवा सुधार, स्वास्थ्य बिमा र चिकित्सा शिक्षा सुधारका विषयलाई प्राथमिकता दिएका थिए । त्यसपछि २०७४ र २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा पनि काठमाडौं क्षेत्र नम्बर ४ बाट निर्वाचित हुँदै उनले संसद्मा शिक्षा, स्वास्थ्य, रोजगारी, वातावरण र सुशासनका विषय उठाउँदै आए । २०७८ सालमा कांग्रेसको १४औं महाधिवेशनबाट महामन्त्री निर्वाचित भएका थापाले पार्टीभित्र नीतिगत बहस र संगठन सुधारको पक्षमा काम गरे । २०८२ भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि पार्टीभित्र युवा सहभागिता र संगठनात्मक परिवर्तनको विषय उठाउँदै उनले महामन्त्री विश्वप्रकाश शर्मासँग मिलेर विशेष महाधिवेशन आह्वान गरेका थिए । विशेष महाधिवेशनपछि पार्टीको नेतृत्व सम्हालेका थापा नौ महिनापछि भएको १५औं महाधिवेशनबाट पुनः सभापतिमा निर्वाचित भएका हुन् ।

राजनीतिसँगै अध्यापन, सञ्चार र सामाजिक अभियानमा समेत संलग्न थापाले शिक्षा, स्वास्थ्य, रोजगारी, सुशासन र युवालाई स्वदेशमै अवसर उपलब्ध गराउने विषयलाई आफ्ना प्रमुख राजनीतिक एजेन्डाका रूपमा अघि सार्दै आएका छन् । विद्यार्थी राजनीतिबाट संसदीय अभ्यास, मन्त्री पद र पार्टीको शीर्ष नेतृत्वसम्म पुगेका थापाको नेतृत्वलाई कांग्रेसको संगठनात्मक सुधार, नीतिगत दिशा र नयाँ पुस्ताको सहभागितासँग जोडेर हेरिएको छ ।

## बढ्दो...

ध्रुव राठीलाई पक्राउ गरेको आन्दोलनकारीले जनाएका छन् । राठी तिनै व्यक्ति हुन्, जसले सामाजिक जागरणका मुद्दा उठाएर आफ्नो युट्युबमा अपलोड गर्दै आएका छन् । त्यसपछि 'कक्रोच जनता पार्टी' का संस्थापक अभिजित दिप्के लगायत एक दर्जन नेताहरूलाई प्रहरीले समातेको थियो । बम्बईबाट दिल्ली आउँदै अभिजितलाई भारतीय प्रहरीले विमानस्थलबाटै धरपकड गरेको सो पार्टीले जनाएको छ ।

शनिबार दिउँसो प्रहरीले आम आदमी पार्टीका संस्थापक अरविन्द केजरीवाललाई पनि पक्राउ गऱ्यो । नेताहरूसँगै जन्तरमन्तरतर्फ मार्च गरिरहेका बेला प्रहरीले केजरीवाललाई हिराशतमा राखेको छ । त्यसपछि पूर्वमुख्यमन्त्री पिनराई विजयन र भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) का सांसद जोन ब्रिटासलाई पनि भारत सरकारले पक्राउ गरी हिरासतमा राखेको छ । त्यस्तै पश्चिम बंगालकी पूर्वमुख्यमन्त्री तथा तृणमूल कांग्रेस (टीएमसी)की प्रमुख ममता बनर्जीलाई पनि दिल्ली प्रहरीले नियन्त्रणमा लिएको टीएमसीका प्रवक्ता साकेत गोखलेले जानकारी दिएका छन् ।

उनले सामाजिक सञ्जाल एक्समार्फत ममता बनर्जीसहित पाँच जनालाई दिल्ली प्रहरी र केन्द्रीय रिजर्भ प्रहरी बल (सीआरपीएफ) ले मुख्यमन्त्रीको आवासबाहिरबाट नियन्त्रणमा लिएको बताए । समाचार एजेन्सी पीटीआईका अनुसार ममता बनर्जीसहित टीएमसीका अन्य नेताहरूले साउथ एभिन्यूस्थित बस बिसौनीमा धर्ना दिएका थिए । आन्दोलन रोक्न दिल्लीमा मेट्रो रेल बन्द गर्नेदेखि केही स्थानमा इन्टर नेटसमेत बन्द गरिएको बीबीसी लगायतका अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् । पक्राउपर्नुअघि ममता बनर्जीले आफूहरू जन्तरमन्तर जान चाहेको तर प्रहरीले जान नदिएको बताएकी थिइन् । उनले भारतको वर्तमान अवस्था आपत्कालीन अवस्थाभन्दा पनि खराब देखिएको टिप्पणी गरेकी छन् ।

विपक्षी दल र आलोचकहरूले मतदाता नामावली पुनरावलोकनका कारण लाखौं मतदाता मताधिकारबाट वञ्चित हुन सक्ने र प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सत्तारूढ हिन्दू राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा)लाई फाइदा पुग्न सक्ने आरोप लगाएका छन् । तर, निर्वाचन आयोगले भने 'विशेष सघन पुनरावलोकन' प्रक्रियामा अनियमितता भएको आरोप अस्वीकार गर्दै दोहोरो नाम भएका तथा अयोग्य मतदाताको नाम हटाउनु यसको मुख्य उद्देश्य रहेको बताएको छ । विपक्षी आम आदमी पार्टीका नेता अरविन्द केजरीवालले विज्ञप्ति जारी गर्दै सरकारको कदमको आलोचना गरेका छन् । प्रहरीले नियन्त्रणमा लिएपछि केजरीवालले भिडियो जारी गर्दै देशका युवा जागिसकेको बताएका छन् ।

उनले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा तानाशाही भइरहेको आरोप लगाउँदै आफूहरू नडराउने बताएका छन् । 'अब ज्ञानेश कुमारले राजीनामा दिनैपर्छ । कथित मत चोरीलाई अब जनताले सहने छैनन्,' उनले भिडियोमा भनेका छन् । प्रदर्शनस्थलसम्म पुग्न नदिन शुक्रबारदेखि नै दिल्लीमा सुरक्षा व्यवस्था कडा पारिएको छ । यसका लागि हजारौं प्रहरी र अर्धसैनिक सुरक्षाकर्मी परिचालन गरिएको छ । दर्जनौं मेट्रो स्टेसन बन्द गर्नुका साथै दिल्ली आउने विभिन्न रेल सेवा रद्द गरेका छन् । प्रदर्शनस्थल आसपासका क्षेत्रमा अस्थायी रुपमा मोबाइल इन्टरनेट सेवा समेत बन्द गरिएको छ । शनिबार प्रसारित टेलिभिजन दृश्यहरूमा प्रहरीले मध्य दिल्लीका विभिन्न क्षेत्रमा प्रदर्शनकारीलाई लखेट्दै र उनीहरूलाई सवारीसाधनमा राख्दै गरेको देखिएको थियो। स्थानीय सञ्चारमाध्यमका अनुसार, हालसम्म २०० भन्दा बढी प्रदर्शनकारीलाई नियन्त्रणमा लिइएको छ ।

## मलेसियामा...

सेक्युरिटी गार्डहरूले बढेको तलबको पूर्ण लाभ पाउनेमा अन्योल छ । श्रम विभाग र मलेसियन ट्रेड युनियन कंग्रेसका अनुसार धेरै कम्पनीले हालकै न्यूनतम तलब १७ सय रिंगेटसमेत पूरा दिएका छैनन् । उनीहरूले १२ घण्टा खटाएर ओभरटाइम र भत्ता कटौती गर्ने तथा आधारभूत तलब कम देखाउने गरिरहेका छन् । यस्तो अवस्थामा कडाइका साथ अनुगमन गरी कम्पनीहरूको बदमासी नरोकिएसम्म सरकारले आधारभूत तलब बढाए पनि वास्तविक लाभ पाउन सेक्युरिटी गार्डहरूले अझै लामो संघर्ष गर्नुपर्ने लामा बताउँछन् ।

उनी भन्छन्, 'आधारभूत तलब १७ सयबाट २ हजार रिंगेट भयो भनेर अहिले नै खुसी हुनुपर्ने अवस्था छैन । किनभने २०२७ को जुनदेखि लागू हुने भनिएको छ । त्यतिन्जेल कम्पनीहरूले गर्ने ठगी रोक्न सरकारी तहबाट हस्तक्षेप हुन जरुरी छ ।'

# एमालेको राष्ट्रिय भेला मंसिरमा १० केन्द्रीय सदस्य मनोनीत




**काठमाडौं/मस-** नेपाल कम्युनिष्ट पार्टी (एमाले)को स्थायी कमिटीको प्रथम बैठकले १० जनालाई केन्द्रीय कमिटी सदस्यमा मनोनीत गर्नेदेखि वडा तथा पालिका अधिवेशनको मिति तय गर्ने र राष्ट्रिय भेला आयोजना गर्नेसम्मका निर्णय गरेको छ ।

अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा असोज २२ गतेदेखि तीन दिनसम्म बसेको बैठकले संगठनात्मक गतिविधि र पार्टीका विभिन्न कमिटीसम्बन्धी निर्णय गरेको हो ।

बैठकले आगामी मंसिर २६ गते वडा कमिटीहरूको अधिवेशन र पुस ४ गते गाउँपालिका तथा नगरपालिका कमिटीहरूको अधिवेशन सम्पन्न गर्ने निर्णय गरेको छ । त्यस्तै, आगामी मंसिरको पहिलो साता राष्ट्रिय भेला आयोजना गरिने भएको छ ।

राष्ट्रिय भेलामा प्रदेश कमिटीका पदाधिकारी, जिल्ला कमिटीका पदाधिकारी, पालिका कमिटीका अध्यक्ष तथा उपाध्यक्ष र सबै तहका जनप्रतिनिधिहरू सहभागी हुनेछन् । पालिका तथा वडा अधिवेशन सम्पन्न भएपछि प्रदेशस्तरीय भेला आयोजना गर्ने निर्णयसमेत बैठकले गरेको छ ।

बैठकले पार्टीको केन्द्रीय कमिटीमा १० जना सदस्य मनोनीत गर्ने निर्णय गरेको छ । मनोनीत हुनेमा सिर्जना राई (भोजपुर), सावित्रा अर्याल (रुपन्देही), इन्दु कडरिया विष्ट (कञ्चनपुर), सीता पंगेनी (नवलपुर), सीता अधिकारी (पाल्पा), डा. पुष्पा केसी भण्डारी (कास्की), धर्मनाथ प्रसाद साह (सिराहा), तेजमान कन्दङवा (तेह्रथुम), टंक आङ्वोहाङ (ताप्लेजुङ), नविन रोक्का (रोल्पा), मीनप्रसाद गुरुङ (स्याङ्जा), डवल पाण्डे (दोलखा) र तेजेन्द्र केसी (रुपन्देही) रहेका छन् ।

त्यसैगरी, मधेश प्रदेशसभामा एमालेकी समानुपातिक सांसद जैनब खातुनको निधनपछि रिक्त रहेको स्थानमा नाजिमा खातुनलाई मनोनयन गरी निर्वाचन आयोगमा लेखी पठाउने निर्णय बैठकले गरेको छ । पार्टी अध्यक्ष पद रिक्त रहेका १३ जिल्लामा सम्बन्धित जिल्ला तहकै निर्णयबाट अध्यक्ष तोक्ने र सम्बन्धित कमिटीलाई संगठन कमिटीमा रूपान्तरण गरी माथिल्लो कमिटीबाट अनुमोदन गराउने निर्णयसमेत बैठकले गरेको छ ।

# कतारमा प्रवासी नेपाली मञ्चको रक्तदान, १५२ जनाले दिए रगत



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २४ असोज

प्रवासी नेपाली मञ्च कतारको आयोजनामा शुक्रबार हमाद अस्पतालमा सम्पन्न पहिलो रक्तदान कार्यक्रममा १५२ जनाले रक्तदान गरेका छन् । केही वर्ष पहिले एनआरएनए एनसिसी कतारको आयोजनामा सम्पन्न कार्यक्रममा १४३ जनाले रक्तदान गरेको अभिलेखलाई उछिन्दै यसपटक बढी रक्तदाताले सहभागिता जनाएपछि कार्यक्रम ऐतिहासिक बनेको हो ।

कार्यक्रममा नेपालीसहित विदेशी नागरिकले समेत रक्तदान गरेका थिए । कतारमा स्थापित विभिन्न नेपाली संघसंस्थाका प्रमुख, पदाधिकारी तथा प्रतिनिधि सहित करिब पाँच सय जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा सहभागी रक्तदातालाई प्रशंसा पत्र प्रदान गरी सम्मानसमेत गरिएको थियो ।

कार्यक्रमका समन्वयकर्ता संस्था नेपाली रक्तदाता संघ कतारका कार्यवाहक अध्यक्ष सन्तोष पौडेलले रक्तदान गरेर सुरुवात गरिएको कार्यक्रम मञ्च कतारका सचिव रघुनाथ शर्माको रक्तदान पश्चात समापन भएको थियो । कार्यक्रमपछि मध्यान्ह दैनिकसँग कुरा गर्दै मञ्चका अध्यक्ष अफसर अलि खानले कतारको नेपाली समाजमा आफ्नो राजनीतिक विचार र आस्था फरक भए पनि नेपाली समुदायबीच भाइचारा, सद्भाव र आपसी समन्वय कायम गर्दै अघि बढ्नुपर्ने बताए ।

कार्यक्रम सफल बनाउन सहयोग गर्ने हमाद अस्पतालका चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मी, मञ्चको कार्यसमिति र अन्य सहयोगीप्रति उनले धन्यवाद व्यक्त गरे । कार्यक्रममा नेपालीसँगै अन्य देशका नागरिकको सहभागिताले रक्तदान कुनै जाति, धर्म, राष्ट्रियता वा राजनीतिक आस्थामा सीमित नभई साझा मानवीय अभियान भएको सन्देश दिएको सचिव शर्माले बताए ।

नेकपा एमालेको प्रवासस्थित संगठनका रूपमा रहेको मञ्च कतारले आयोजना गरेको यस कार्यक्रमले संस्थाको सामाजिक सक्रियता, संगठनात्मक क्षमता र सामुदायिक एकतालाई समेत उजागर गरेको छ । विभिन्न क्षेत्रका नेपाली तथा विदेशी नागरिकलाई मानवीय सेवाको साझा अभियानमा जोड्न सफल कार्यक्रमले कतारमा नेपाली समुदायको सकारात्मक पहिचान स्थापित गर्न थप योगदान पुऱ्याएको छ । मध्यान्ह दैनिक सञ्चार सहयोगीका रूपमा रहेको थियो ।

## भट्टराई कुलवंश प्रतिष्ठान कतारको अध्यक्षमा जीवन भट्टराई



**कतार/मस-** भट्टराई कुलवंश प्रतिष्ठान प्रवास सम्पर्क समिति कतारको प्रथम अधिवेशनले जीवन भट्टराईको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ । कतारको ग्राण्ड मलस्थित सिलौटो रेस्टुरेन्टमा सम्पन्न प्रथम अधिवेशनको बन्द सत्रले नयाँ नेतृत्व चयन गरेको हो ।

नवनिर्वाचित कार्यसमितिको उपाध्यक्षमा दीप भट्टराई, महिला उपाध्यक्षमा हिमा भट्टराई, सचिवमा विकास भट्टराई, महिला सहसचिवमा बबिता भट्टराई, सहसचिवमा सूर्य भट्टराई, कोषाध्यक्षमा पुरुषोत्तम भट्टराई, सह कोषाध्यक्षमा कमला भट्टराई र प्रवक्तामा बलिन्द्र भट्टराई चयन भएका छन् भने सदस्यहरूमा मोहन भट्टराई, युगान्त भट्टराई, राज भट्टराई, सुनिता भट्टराई, शुष्मा भट्टराई, प्रविणा भट्टराई, सुरेश भट्टराई, माया भट्टराई, शान्तिलाल भट्टराई, बुनूँ भट्टराई, रामु भट्टराई, शोभा भट्टराई,सुनिता भट्टराई र पवित्रा भट्टराई रहेका छन् ।

यस्तै लेखा समितिको संयोजकमा अनमोल भट्टराई तथा सदस्यमा नम्रता भट्टराई र केशव भट्टराई चयन भएका छन् । नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई निर्वाचन समितिका संयोजक प्रेमप्रसाद भट्टराईले पद तथा गोपनीयताको शपथ गराएका थिए ।

समितिका अध्यक्ष नवीन केसी भट्टराईको अध्यक्षता तथा गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी) कतारका कार्यवाहक अध्यक्ष रविन मगरको प्रमुख आतिथ्यमा अधिवेशनको खुला सत्र सम्पन्न भएको थियो । कार्यक्रममा कतारमा स्थापित विभिन्न नेपाली संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति थियो । प्रमुख अतिथि मगरले कुलवंश, संस्कार र संस्कृतिको संरक्षण गर्दै समुदायलाई एकताबद्ध बनाउने प्रतिष्ठानको प्रयासको प्रशंसा गर्दै यसको निरन्तरता र सामाजिक योगदानका लागि शुभकामना व्यक्त गरे । दिल भट्टराईको स्वागत मन्तव्य रहेको कार्यक्रमलाई सञ्चारकर्मी नम्रता भट्टराईले सहजीकरण गरेकी थिइन् ।

# मर्यादपुरमा नशालु पदार्थ सेवनदेखि अश्लील गीत बजाउन प्रतिबन्ध

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २४ असोज



रौतहटको मौलापुर नगरपालिका-१ मर्यादपुरमा गाउँ समाज सुधारका लागि स्थानीय जनप्रतिनिधि, समाजसेवी, भद्रभलादमी, स्थानीयवासी तथा सञ्चारकर्मीको बैठकबाट गाउँ समाज सुधार समिति गठन गरिएको छ । समितिले गाउँमा सामाजिक विकृति नियन्त्रण, अनुशासन कायम तथा सभ्य समाज निर्माण गर्ने उद्देश्यले विभिन्न निर्णय गरेको छ ।

समितिमा आबद्ध व्यक्तिहरूले चुरोट, खैनीलगायतका नशालु पदार्थ सेवन नगर्ने प्रतिबद्धता जनाएका छन् । समितिका सदस्यले उक्त निर्णय उल्लंघन गरेमा ५ हजार रुपैयाँ जरिवाना गर्ने निर्णय गरिएको छ । त्यस्तै, गाउँमा कसैले गाँजा, चरेस तथा वाटर गनलगायतका नशालु पदार्थ सेवन गरेको पाइएमा पनि जरिवाना गरिने निर्णय भएको छ ।

# जापानमा सुदूरपश्चिम सांस्कृतिक कार्यक्रमको तयारी पूरा



**टोकियो/मस-** सुदूरपश्चिमेली नेपाली समाज जापानले जापानको राजधानी टोकियोसहित विभिन्न सहरमा आयोजना गर्न लागेको 'प्रथम सुदूरपश्चिम सांस्कृतिक साँझ-२०२६' को तयारी पूरा भएको छ । कार्यक्रमका लागि सुदूरपश्चिमका चर्चित कलाकार रेखा जोशी र चक्र बम शनिबार टोकियो आइपुगेका छन् । टोकियोस्थित नारिता विमानस्थलमा आइपुगेका कलाकारद्वयलाई सुदूरपश्चिमेली नेपाली समाज जापानका पदाधिकारीहरूले स्वागत गरेका छन् । समाजले आइतबार साँझ ५ बजेदेखि टोकियोको मेगुरोस्थित मेगुरो परसिमोन हलमा भव्य सांस्कृतिक कार्यक्रम आयोजना गर्दैछ । त्यसैगरी, सोमबार ओसाका र त्यसपछि फुकुओकामा पनि सांस्कृतिक कार्यक्रम आयोजना गरिने सुदूरपश्चिमेली नेपाली समाज जापानले जनाएको छ ।

कार्यक्रमको तयारीका क्रममा समाजले पत्रकार सम्मेलनसमेत आयोजना गरेको छ । साथै, जापान पुगेका कलाकारद्वयको सम्मानमा रात्रिभोजको पनि आयोजना गरिएको समाजले जनाएको छ ।

# सरकारी कर्मचारीलाई एआई तालिम

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २४ असोज



सन्धिखर्क नगरपालिकाले सरकारी सेवा प्रवाहलाई छिटो, छरितो, प्रभावकारी र प्रविधिमैत्री बनाउने उद्देश्यले कर्मचारीका लागि कृत्रिम बुद्धिमत्ता (एआई) सम्बन्धी दुईदिने तालिम सुरु गरेको छ ।

शनिबारदेखि सुरु भएको तालिममा नगरपालिकाका कर्मचारी, वडा सचिव, वडा प्राविधिक तथा अन्य सम्बन्धित कर्मचारीहरूको सहभागिता रहेको छ । तालिममा एआई प्रविधिको प्रयोगमार्फत दैनिक प्रशासनिक कामलाई सहज बनाउने, कार्यसम्पादनमा दक्षता बढाउने र नागरिकलाई प्रदान गरिने सेवालाई प्रभावकारी बनाउने विषयमा प्रशिक्षण दिइनेछ ।

तालिमको उद्घाटन गर्दै सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले प्रविधिमैत्री नगरपालिका निर्माणका लागि कर्मचारी तथा जनप्रतिनिधिले कृत्रिम बुद्धिमत्ताको सही र जिम्मेवार प्रयोग गर्न आवश्यक रहेको बताए । उनले एआईको उचित प्रयोगले सरकारी कामकाजलाई सहज बनाउनुका साथै सेवा प्रवाहमा लाग्ने समय घटाउन र विकास निर्माणका कामलाई थप व्यवस्थित बनाउन सहयोग पुग्ने बताए ।

'एक क्लिकमा सेवा प्रवाह सम्भव बनाउने क्षमतासहितको एआई सही ढंगले प्रयोग गर्न सकियो भने यसले विकासको गतिमा अभूतपूर्व तीव्रता ल्याउन सक्छ । त्यसैले कर्मचारी तथा जनप्रतिनिधिले यसको प्रयोगबारे ज्ञान हासिल गरी व्यवहारमा उतार्न जरुरी छ,' नगरप्रमुख श्रेष्ठले भने ।

सन्धिखर्क नगरपालिका नवप्रवर्तन र प्रविधिको उपयोगमार्फत सेवा प्रवाह सुधार गर्ने दिशामा अघि बढिरहेको उल्लेख गर्दै उनले नागरिकले सहज रूपमा सेवा प्राप्त गर्न सक्ने डिजिटल नगरपालिका निर्माणमा जोड दिए । बदलिँदो प्रविधिअनुसार स्थानीय तहको कार्यशैलीसमेत परिवर्तन गर्नुपर्ने उनको भनाइ थियो ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रमोद खनालले एआईको परिचय, व्यावहारिक प्रयोग, सरकारी सेवामा यसको उपयोग तथा डिजिटल प्रविधिमार्फत सेवा प्रवाहलाई प्रभावकारी बनाउने विषयमा तालिम केन्द्रित रहेको बताए ।

उनका अनुसार कर्मचारीले तालिमबाट प्राप्त ज्ञान र सीपलाई दैनिक कार्यसम्पादनमा उपयोग गर्न सकून् भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । एआईको प्रयोगबाट सूचना तथा सामग्री तयार गर्न, तथ्य तथा विवरण व्यवस्थित गर्न र प्रशासनिक कामलाई थप सहज बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको उनले बताए ।

नगरपालिकाका वरिष्ठ प्रशासकीय अधिकृत हरिश्चन्द्र भुसालको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रमको अध्यक्षता प्रमुख प्रशासकीय अधिकृत खनालले गरेका थिए । तालिममा आईटी इन्जिनियर विशाल महत र प्रशिक्षक डा. भोजराज घिमिरेले प्रशिक्षण तथा सहजीकरण गरेका छन् ।

स्थानीय तहमा डिजिटल प्रविधिको प्रयोग बढ्दै गएको अवस्थामा कर्मचारीको प्राविधिक क्षमता अभिवृद्धि गर्न र प्रविधिलाई नागरिकमैत्री सेवा प्रवाहसँग जोड्नु तालिमको प्रमुख उद्देश्य रहेको नगरपालिकाले जनाएको छ । तालिमबाट प्राप्त ज्ञानलाई व्यवहारमा उतार्न सकेमा प्रशासनिक कामलाई सहज बनाउने, समयको बचत गर्ने र नागरिकलाई उपलब्ध गराइने सार्वजनिक सेवाको गुणस्तर सुधार गर्ने अपेक्षा गरिएको छ ।


## ZERO COST EMPLOYMENT IN MALAYSIA !!!
## मलेसियामा शुन्य लागतको रोजगारी !!!

**No Recruitment Fees & Cost**: - New issuance or renewal of passport for obtaining an employment, Bio-Medical Examination, visa processing, foreign employment insurance, Welfare & Social security fund (SSF), pre-departure orientation training, air ticket (From Kathmandu Airport to Malaysia Airport For departure), in-bound land transportation, accommodation, and in-transit subsistence costs after an employment offer & Aakarshan's service charge which will be fully covered by the employer.
(शून्य रोजगार खर्च र शुल्क : वैदेशिक रोजगारीको लागि नयाँ राहदानी जारी गर्न वा नविकरण गर्न, स्वास्थ्य परीक्षण, भिषा प्रक्रिया, वैदेशिक रोजगार वीमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष (एसएसएफ), प्रस्थानपूर्वको अभिमुखीकरण तालिम, हवाई टिकट (काठमाडौं एयरपोर्ट देखि मलेसिया एयरपोर्ट सम्म उडानको लागि) ,रोजगारीको सुनिश्चितता पछिको यातायात, आवास, खाना खर्च, र आकर्षणको सेवा शुल्क पूर्ण रूपमा रोजगारदाताले वहन गर्नेछ।)

### A. Employer's Information (रोजगारदाताको विवरण)

Name: XINYI SOLAR (Malaysia) SDN BHD — Address: Melaka, Malaysia
नाम: शिनी शोलार (मलेसिया) एसडीएन बीएचडी — ठेगाना: मेलाका, मलेशिया

**Short description about Company** (कम्पनीको बारेमा छोटो जानकारी)

**Xinyi Solar (Malaysia) Sdn. Bhd.** is the Malaysian subsidiary of the global Xinyi Solar Holdings, a leading manufacturer of photovoltaic (PV) glass, producing essential components for solar panels, alongside other specialty glass, at their large industrial base in Melaka, Malaysia, serving the growing renewable energy sector with innovative, high-quality glass products for architectural and solar applications.
शिनी शोलार (मलेसिया) एसडिएन.बिएचडी. विश्वव्यापी शिनी शोलार होल्डीङको मलेसिया स्थित सहायक कम्पनी हो। यो कम्पनी फोटोभोल्टाइक (पिभी) ग्लासको प्रमुख निर्माता हो र सौर्य प्यानलका लागि आवश्यक कम्पोनेन्ट तथा अन्य विशेष ग्लास उत्पादन गर्छ। मलेसियाको मेलाकामा रहेको यसको उद्योग केन्द्रबाट कम्पनीले वास्तुकला र सौर्य क्षेत्रमा उच्च गुणस्तरका ग्लास आपूर्ति गर्दै आएको छ।

**Pre-Approval Details (पूर्व-स्वीकृतिको विवरण):**

| Pre Approval Date: | 2026/03/17 | Consignment No.: | 60253513 | L.T. No.: | 340067 | Re Advertisement |
|---|---|---|---|---|---|---|
| पूर्व स्वीकृत मिति: | २०८२/१२/०३ | चलानी नं.: | ६०२५३५१३ | एल टी नं.: | ३४००६७ | पुन विज्ञापन |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's: पुरुष Male | माग संख्या Required No's: महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary: रिङ्गिट MYR | मासिक तलब Monthly Salary: ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिधा Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. १. | General Worker/ Factory Worker सामान्य कामदार / कारखाना कामदार | 3 ३ | 0 0 | SLC/SEE १० कक्षा पास | 1700 १७०० | 64,226 ६४,२२६ | As per the company rule कम्पनीको नियम अनुसार | 8 hours ८ घण्टा | 6 Days ६ दिन | As per the company rule कम्पनीको नियम अनुसार | No छैन | Yes छ | 2 Years दुई वर्ष |

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कसले ब्यहोर्ने र कति लाग्ने Who Bears Passport making Fees | स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले ब्यहोर्ने र कति लाग्ने Who Bears Domestic Medical Fees | विदेशमा गर्ने मेडिकलको शुल्क कसले ब्यहोर्ने Who Bears Overseas Medical Fees | स्वदेशमा गरिने म्यादी जीवन बिमा कसले ब्यहोर्ने/कति लाग्ने Who Bears Foreign Employment Term Life insurance (Domestic) | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Who Bears Foreign Employment insurance Premium (Overseas) | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने Who Bears Air Fare | भिषा शुल्क कसले ब्यहोर्ने Who Bears Visa Fees | भिषा स्ट्याम्पीङ शुल्क कसले ब्यहोर्ने Who Bears Visa Stamping Fees | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने Who Bears Pre-Departure Orientation Fees | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Who Bears Welfare Fund Payment | स्वदेशमा लाग्ने सामाजिक सुरक्षा कोषको रकम कसले ब्यहोर्ने र कति लाग्ने Who Bears Social Security Fund Payment | सेवा शुल्क कति लाग्ने र कसले ब्यहोर्ने Who Bears Service Charge |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

### C. Interview Related Information (अन्तरवार्ता सम्बन्धी विवरण)

**Final Interview Schedule** (अन्तिम अन्तरवार्ताको समयतालिका):
Final Interview is schedule for 18 October 2026 (अन्तिम अन्तरवार्ता १ कातिक २०८३ मा सञ्चालन हुनेछ ।)
३ जना कोटाको लागि QR कोड मार्फत केवल २० जना उम्मेद्वारले मात्र दर्ता दिन पाउँनेछन् ।
For 3 Quota Only 20 candidates will be able to register through QR code

- For further inquiries regarding this opportunity, please contact Mr. Shamvu Nepali, Recruitment & Administrative Executive at 9801122306. (यस अवसर सम्बन्धी थप जानकारीका लागि आकर्षणको भर्ना तथा प्रशासन कार्यकारी सम्भु नेपाली लाई ९८०११२२३०६ मा सम्पर्क गर्नुहोस् ।)
- Applicants must be SLC/SEE pass, and they are requested to bring their academic certificate with them. (आवेदकहरूले SLC/SEE उत्तीर्ण गरेको हुनुपर्नेछ र आफ्नो शैक्षिक प्रमाणपत्र साथमा ल्याउन अनुरोध गरिन्छ ।)
- For accurate and reliable information, please refer to Aakarshan's official social media channels:
  - **Facebook** (फेसबुक) : https://www.facebook.com/AakarshanInternational
  - **TikTok** (टिकटक): https://www.tiktok.com/@aakarshanmanpower
  - **Mobile**(मोबाईल) 9801122306, Telephone Number (टेलिफोन नं.), 01-4598701

**For reliable and accurate information, please rely only on Aakarshan's official social media platforms and channels.**
**(भरपर्दो र सही जानकारीका लागि कृपया आकर्षणको उल्लेखित आधिकारिक सामाजिक संजाल र च्यानलहरूमा मात्र निर्भर रहनुहोला ।)**

### D. Employment Related Information & Provisions (रोजगारसँग सम्बन्धित जानकारी

**1. Prohibition of Sub-Agents and Ethical Recruitment Policy (एजेन्ट रहित र नैतिक नीति)**

In accordance with the Government of Nepal's regulations, the use of sub-agents in the recruitment process is illegal. Aakarshan fully complies with this mandate and operates exclusively under the **"Zero Cost & Fee - Employer Pays Principle (EPP)"** model. Aakarshan conducts all recruitment activities directly, and we do not have any branch offices, agents, or intermediaries. Candidates are not required to pay any fees at any stage of the recruitment process to anyone.
(नेपाल सरकारले वैदेशिक रोजगारमा एजेन्टको प्रयोग पूर्ण रूपमा गैरकानुनी गराएको छ । आकर्षणले यस नियमको पूर्ण रूपमा पालन गर्दै **"शून्य लागत तथा शुल्क-रोजगारदाताद्धारा भुक्तानी"** गर्ने सिद्धान्त अन्तर्गतमा मात्र कार्य गर्दछ । आकर्षणले सबै भर्ती कार्यहरू प्रत्यक्ष रूपमा सञ्चालन गर्दछ र कुनै पनि शाखा कार्यालय, एजेन्ट वा मध्यस्थको प्रयोग हुँदैन । उम्मेदवारहरूले भर्ती प्रक्रियाको कुनै पनि चरणमा कुनै पनि व्यक्तिलाई शुल्क तिर्नु आवश्यक छैन ।)

***Aakarshan ensures full alignment and compliance with all 11 Forced Labour Indicators established by the International Labour Organization (ILO) throughout its recruitment process.***
***आकर्षणले आफ्नो भर्ती प्रक्रियाभर अन्तर्राष्ट्रिय श्रम संगठन द्वारा निर्धारण गरिएका जबरजस्तीश्रमका ११ सूचकहरूसँग पूर्ण समन्वय र अनुपालन सुनिश्चित गर्दछ ।***

**2. Prohibition of Forced Labour/Freely Chosen Employment (जबरजस्ती श्रमको पूर्ण निषेध/ स्वेच्छिक रोजगारी)**

a. Aakarshan strictly prohibits all forms of forced labor, including debt bondage, involuntary prison labor, and human trafficking. (आकर्षणले अनैच्छिक श्रम, मानव तस्करी लगायत सबै प्रकारका जबरजस्ती श्रमको पूर्ण रूपमा कडाइका साथ निषेध गर्दछ ।)
b. Employment is fully voluntary, and employees may resign or end their contract without penalty, with sufficient notice. Employers must not deduct wages or retaliate against employees. (रोजगार पूर्ण रूपमा स्वेच्छिक हुन्छ, र कामदारले पर्याप्त सूचना दिएर आफ्नो रोजगार सम्झौता कुनै पनि समयमा समाप्त गर्न सक्ने अधिकार राख्दछन्। रोजगारदाताले त्यसबापत तलब कटौती गर्नु वा कर्मचारीविरुद्ध प्रतिशोध गर्नु हुँदैन ।)
c. Candidates are not required to pay any fees, loans, or advance payments to secure employment. Property, educational certificates, livestock, jewelry, phones, or any other valuables must never be deposited or used as a condition for obtaining a job. (उम्मेदवारहरूले रोजगारी प्राप्त गर्नका लागि कुनै पनि शुल्क, ऋण वा अग्रिम भुक्तानी दिनु आवश्यक छैन । रोजगारीको शुनिश्चितताको लागि सम्पत्ति, शैक्षिक प्रमाणपत्र, गाई-भैंसी, गरगहना, फोन वा अन्य कुनै मूल्यवान वस्तु राख्न र प्रयोग गर्न पूर्ण रूपमा निषेध गरिएको छ ।)
d. Workers are not required to join any employer-mandated or compulsory savings programs. Participation in financial or savings schemes is completely voluntary. (कामदारहरूलाई रोजगारदाताद्वारा अनिवार्य रूपमा लागू गरिएका कुनै पनि बचत कार्यक्रम वा योजनामा सहभागी हुन बाध्य पारिने छैन। वित्तीय वा बचतसम्बन्धी कुनै पनि योजनामा सहभागिता पूर्ण रूपमा स्वेच्छिक रहनेछ ।)
e. Repatriation expenses are covered by the employer upon contract completion or early termination with proper notice. (सम्झौता अवधि पूरा भएपछि वा कामदारले उचित सूचना दिएर सम्झौता पूर्व समयमै समाप्त गरेमा, स्वदेश फिर्तीको लागि लाग्ने खर्च रोजगारदाताले पूर्ण रूपमा व्यहोर्नेछ ।)
f. Candidates retain their original documents with themselves. (उम्मेदवारहरूले आफ्नो प्रमाणपत्रहरू आफैंसँग राख्ने अधिकार राख्दछन्।)
g. Employment terms will be clearly communicated in a language understood by worker and will remain unchanged unless any updates are more favorable than the existing terms.(रोजगारका सर्तहरू कामदारले बुझ्ने भाषामा स्पष्ट रूपमा प्रदान गरिनेछ र कुनै पनि शर्तहरु परिवर्तन भएमा हाल भएको भन्दा राम्रो भएमा मात्र परिवर्तनको लागि योग्य हुनेछ ।)

**3. Legal Working Age For Foreign Employment & Verification (वैदेशिक रोजगारका लागि कानुनी उमेर र प्रमाणिकरण)**

All foreign employment applicants must be at least 18 years of age. To verify age, Aakarshan requires applicants to provide at least two official government-issued documents from Nepal, such as: i. National Identity Card , ii. Citizenship Certificate or Any other official document containing a photograph. (वैदेशिक रोजगारका लागि उम्मेदवारको उमेर कम्तीमा १८ वर्ष हुनुपर्छ। उमेर प्रमाणित गर्न, आकर्षणले उम्मेदवारहरूबाट कम्तीमा दुईवटा नेपाल सरकारद्वारा जारी गरिएको फोटो सहितको आधिकारिक कागजपत्र पेश गर्न आग्रह गर्दछ, जस्तै: १.राष्ट्रिय परिचयपत्र २.नागरिकता प्रमाणपत्र वा कुनै पनि फोटोसहितको अन्य आधिकारिक प्रमाणपत्र।)

**4. Working Hours & Overtime Provisions (काम गर्ने समयावधी र अतिरित्त कार्यसमय सम्बन्धी प्राबधानहरु)**

Working hours will comply with the Malaysian Employment Act, 1955. The standard workweek shall not exceed 45 hours, with a maximum of 60 hours per week including overtime in exceptional or emergency situations. All overtime work is voluntary, and workers are entitled to at least one day off every seven days. Work Shift will be night and day shift. (काम गर्ने समय मलेसियाली रोजगार ऐन, १९५५ अनुसार हुने छ। सामान्य कार्यसमय एक हप्तामा अधिकतम ४५ घण्टा हुनेछन्, अपवाद वा आपतकालीन परिस्थितिमा ओभरटाइमसहित अधिकतम ६० घण्टा प्रति हप्ता हुनसक्नेछ। सबै ओभरटाइम काम स्वेच्छिक हुनेछ, र कामदारहरूले प्रत्येक सात दिनमा कम्तीमा एक दिन छुट्टी पाउने अधिकार राख्दछन्। कामको पालो दिन/रात शिफ्टको आधारमा हुनेछ।)
a. Annual Leave : 8 Days (बार्षिक बिदा ८ दिन)
b. Sick Leave : 14 Days (बिरामी बिदा १४ दिन)
c. Hospitalization Leave: 60 Days (हस्पिटल भर्ना भए बापतको बिदा ६० दिन)
d. Public Holiday: 11 Days (सार्वजनिक बिदा ११ दिन)
**All the above-mentioned leave entitlements are fully paid and are applicable for 2-years of employment period.**
**(उल्लिखित सबै प्रकारका छुट्टीहरू भुत्तानीसहित उपलब्ध गराइने छन् र यी २ वर्षे रोजगार अवधिका लागि लागू हुनेछन्।)**

**5. Wages & Benefits (तलबर सुविधाहरू)**

Workers receive as per Malaysian labour Law.Overtime is voluntarily and paid at higher rates. No unlawful deductions are made from wages, and every worker receives a clear and timely pay slip. Overtime Calculation will be as below. (कामदारहरूले मलेसियाली रोजगार ऐन अनुसार तलब प्राप्त गर्नेछन्।ओभरटाइम स्वेच्छिक हुनेछ र उच्च दरमा भुक्तानी गरिन्छ। तलबबाट कुनै पनि अवैध कटौती गरिँदैन, र प्रत्येक कामदारले स्पष्ट र समयमा तलबको रसिद प्राप्त गर्नेछन् ।)
a. On Normal Days: x1.5 (सामान्य दिनको x१.५ को दरले)
b. On Sunday /Rest Day : X2.0 (आईतबारको/आरम गर्ने दिनको x२.० को दरले)
c. On Public Holiday: X3.0 (सार्वजनिक बिदाको दिनको x३.० को दरले)

**6. Non Discrimination & Respectful Workpalce (भेदभावमुक्त र सम्मानजनक कार्य वातावरण सम्बन्धी प्रावधानहरू)**

Aakarshan promotes a safe, respectful, and inclusive workplace, ensuring equal and fair opportunities in hiring and employment practices. We have zero tolerance for harassment, abuse, or any form of inhumane treatment, and discrimination based on race, color, age, gender, sexual orientation, gender identity, ethnicity, disability, pregnancy, religion, or other protected characteristics is strictly prohibited. Workers are entitled to participate in religious programs and freely observe their respective practices. Discriminatory medical tests are never conducted. (आकर्षणले सुरक्षित, सम्मानजनक र समावेशी कार्यस्थलको प्रवर्द्धन गर्दछ र रोजगार प्रक्रियामा समान तथा निष्पक्ष अवसरको सुनिश्चितता गर्दछ। उत्पीडन, दुर्व्यवहार वा कुनै पनि अमानवीय व्यवहार पूर्ण रुपमा निषेध गरिएको छ । जात, रङ, उमेर, लिङ्ग, जातीयता, अपाङ्गता, गर्भावस्था, धर्म वा अन्य संरक्षित विशेषताका आधारमा कुनै पनि भेदभाव कडाइका साथ निषेध गरिएको छ। कामदारहरूले धार्मिक कार्यक्रममा सहभागी हुन र आफ्ना धर्म/आस्था अनुसार स्वतन्त्र रूपमा अभ्यास गर्न पाउने अधिकार राख्दछन्। भेदभावमूलक मेडिकल परीक्षण कहिल्यै गरिँदैन।)

**7. Freedom of Association & Collective Rights ( संघ/संगठनमा सवंद्ध हुने स्वतन्त्रता र सामूहिक अधिकारहरू सम्बन्धी प्रावधानहरू)**

Workers have the right to freedom of movement, basic liberties, and collective bargaining. They can raise concerns freely without fear of harassment, retaliation, or discrimination based on their association. Workers may join trade unions, engage in collective bargaining and participate in lawful forms of worker representation, in accordance with Malaysian labor law. (कामदारहरूले, आधार भूत स्वतन्त्रता, र सामूहिक हकहितको लागि आवज उठाउने अधिकार राख्दछन्। उनीहरूले कुनै पनि संघ/संगठनको सदस्यताका आधारमा उत्पीडन, प्रतिशोध वा भेदभावको डरविना स्वतन्त्र रूपमा आफ्नो चासो वा सुझाव व्यक्त गर्न सक्नेछन्। कामदारहरूले मलेसियाको रोजगार ऐनअनुसार ट्रेड युनियनमा सदस्यता लिन, वैध रूपमा सामूहिक हकहितको लागि सहभागी हुन, र कर्मचारी प्रतिनिधित्वका कार्यक्रमहरूमा भाग लिन सक्ने अधिकार सुरक्षित राख्दछन् ।)

**8. Ethical Business Practices (नैतिक व्यवसायिक अभ्यास)**

Aakarshan is committed to the highest standards of ethics and integrity in all business interactions. We maintain zero tolerance for bribery, corruption, or any unfair practices, and candidates or their family members are never required to give or receive gifts to secure employment. Privacy of all individuals is protected in accordance with Nepal's Privacy Act, 2017. (आकर्षणले सबै व्यवसायिक कार्यहरुमा उच्चतम स्तरको नैतिकता र ईमानदारीको पालन गर्न प्रतिबद्धता छ । हस्तक्षेप, भ्रष्टाचार वा अन्य कुनै पनि असमान अभ्यासका लागि पूर्ण रुपमा प्रतिबन्ध छ । उम्मेदवार वा उनीहरूको परिवारका सदस्यहरूले रोजगारी सुनिश्चित गर्नका लागि कुनै पनि उपहार दिन वा लिन आवश्यक पर्दैन। सबै व्यक्तिहरूको गोपनीयता नेपालको गोपनीयता ऐन, २०७४ अनुसार सुरक्षित रहन्छ।)

**9. Workplace Health & Safety Provisions (नैतिक व्यवसायिक अभ्यास)**

As per Malaysian Labour Law foreign workers are secure with the followings; (मलेसियाको रोजगार ऐन अनुसार, वैदेशिक कामदारहरूले निम्न सुरक्षा सुविधा पाउनेछन्,)
a. **Employees Provident Fund (EPF):** 2% From the Employer and 2% from the Workers (कर्मचारी सन्चय कोष : रोजगारदाताबाट २% र कामदारबाट २% योगदान।)
b. **Social Security Organization- Employment Injury Schemes (SOCSO) :** 1.25 % from the Employer and 0.5 % from the worker is deducted. It covers workplace injuries, occupational diseases, permanent disablement and death यस योजनाअन्तर्गत रोजगारदाताबाट १.२५% र कामदारबाट ०.५% कटौती गरिन्छ। यसले कार्यस्थलमा हुने चोटपटक, व्यावसायिक रोग, स्थायी अपाङ्गता तथा मृत्युलाई समेट्छ।
c. **Foreign Workers Health Insurance Scheme (SPIKPA):** Provides medical treatment & Hospitalization in Government Hospitals (वैदेशिक कामदार स्वास्थ्य बीमा योजना: सरकारी अस्पतालमा चिकित्सा उपचार र अस्पताल सेवाहरू उपलब्ध गराउँछ ।)

**Information Provided by Department of Foreign Employment (DOFE):**
**(वैदेशिक रोजगार विभागद्वारा प्रदान गरिएको जानकारी):**

Information provided by the Department of Foreign Employment (DOFE) बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी: 1. Make sure you get the visa in your name. १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 4. Orientation or induction training must be taken before going for foreign employment. ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 5. Sign the employment contract only after reading carefully about the country, company, services and facilities you are going to And keep a copy of employment contract with yourself. ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 6. Please use Nepal's Airport while going for Foreign Employment, otherwise there is possibility of being cheated. ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 7. If you would like to know anything more about this advertisement, please contact Department of Foreign Employment. ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, सम्पर्क गर्नुहोला ।

**Note (नोट)**

Sharing of this recruitment information on any social media platform without our prior consent is strictly prohibited. Any unauthorized disclosure or publication can be subjected to appropriate legal action. **(हाम्रो पूर्व स्वीकृति बिना यस भर्तीसम्बन्धी जानकारी कुनै पनि सामाजिक सञ्जालमा शेयर वा सार्वजनिक गर्न कडाइका साथ निषेध गरिएको छ। कुनै पनि अनधिकृत रूपमा जानकारी सार्वजनिक वा प्रकाशन गरिएको पाइएमा सम्बन्धित पक्षविरुद्ध आवश्यक कानुनी कारबाही गर्न सकिने छ ।)**

### E. Grievance and Whistleblower Reporting Alert (गुनासो र गोप्य सूचना दर्ता)

Aakarshan encourages a "Speak-up" culture. Report any unethical behavior without fear. Anonymous reports are welcome, and confidentiality will be ensured. **(आकर्षणले बोल्ने स्वतन्त्रता र आफ्ना धारणा व्यक्त गर्ने अधिकारको सम्मान गर्दछ । कुनै अनैतिक गतिविधि देख्नुभयो भने हामीलाई गोप्य रूपमा जानकारी दिन सक्नुहुन्छ । तपाईको विवरण पूर्ण गोप्य राखिनेछ र बदला रहित वातावरणमा सम्बोधन गरिनेछ।)**

Grievance Reporting Mechanism of Aakarshan (आकर्षणमा गुनासो दर्ता गर्ने माध्यम):
Emailing at: grievance@aakarshannepal.org or making direct call & SMS at 9847757089
(इमेल वा गुनासो समन्वय गर्ने नम्बरमा फोन वा एसएमएस मार्फत दर्ता गर्न सक्नु हुनेछ ९८४७७५७०८९ ।)

## AAKARSHAN INTERNATIONAL PVT. LTD.
(An Ethical Recruitment Agency Since 2005)
Pashupati Road,Ratopul,Ward No.7, Kathmandu,Nepal
Tel: 01- 4598701 (Hotline) | Mobile: 9801122306
Email:information.aakarshan@gmail.com, Web:www.aakarshannepal.com.np

quality.trust.relation — Celebrating 21 Years of Excellence
qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015 No.18521/0 — IQNET
OTL ETHICAL RECRUITMENT CERTIFIED AGENCY CERN# NP_2026_0002
Location QR

मध्यान्ह
www.madhyanhadaily.com
२५ असोज २०८३ आइतबार
11 October 2026 Sunday

## सम्पादकीय

# आशाको दियो ननिभोस्

एकातिर स्थानीय चुनाव नजिकिँदो छ । अर्कोतिर संसद्मा नयाँ–नयाँ विधेयक धमाधम आइरहको छ। सरकारी विधेयकमार्फत नागरिकमा पुराना आशा फेरि जगाउन खोजिएको छ। पहिलो घर बनाउनेलाई ७५ हजार अनुदान, शिक्षकलाई सवारीसाधन खरिदमा ब्याज सहुलियत, भूमिहीन दलितलाई जग्गा, महिलालाई ६ महिना सुत्केरी बिदा र जोखिमयुक्त बस्तीका नागरिकलाई सुरक्षित आवासमा सार्ने योजना र नीति प्रस्तावित विधेयकहरूमा समेटिएका छन्। यी सबै नागरिकका जीवनसँग प्रत्यक्ष जोडिएका विषय हुन्। तर नेपालको समस्या यस्ता सपना नदेखाइनु होइन, देखाइएका सपना पूरा नहुनु हो।

दलितलाई जग्गा दिने विषय आशा जगाएर छोडिएको विषय हो । संविधानको धारा ४० ले भूमिहीन दलितलाई एकपटक जग्गा उपलब्ध गराउने व्यवस्था गरेको छ। संविधान जारी भएको ११ वर्ष बितिसक्दा पनि हजारौं भूमिहीन दलित परिवार जग्गाको प्रतीक्षामै छन् । संविधानले तीन वर्षभित्र जग्गा उपलब्ध गराउने व्यवस्था गरेको थियो। तर समयसीमा सकियो, सरकार फेरिए, आयोग बने र विघटन भए, आश्वासन दोहोरिए। नागरिकको जीवनमा भने परिवर्तन आएन। अहिले फेरि अर्को दुई वर्षको भाका देखाउँदै विधेयक आएको छ। आवासको हक पनि संविधानले सुनिश्चित गरेको छ। यसकारण सुरक्षित आवासबाट वञ्चित नागरिक र जोखिमयुक्त बस्तीमा बसिरहेका परिवारलाई सुरक्षित स्थानमा सार्ने वाचा पनि नयाँ होइन। विपद्का बेला यस्ता योजना र प्रतिबद्धता गरिन्छन्। योजना ल्याउने तर नागरिकलाई सुरक्षित घरमा नपुऱ्याउने समस्या छ । पहिलो घर बनाउनेलाई अनुदान दिने सरकारी प्रस्ताव सकारात्मक छ, तर कार्यान्वन कहिले हुन्छ ? जग्गा नभएकाले के गर्ने ? प्रश्न अनुत्तरित छ। महिलाको हकमा पनि संवैधानिक हक हो। सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य संविधान तथा कानुनले सम्बोधन गरेका विषय हुन् । प्रसूति बिदा बढाउने, प्रसूति हिंसा रोक्ने र आर्थिक अभावका कारण महिलालाई उपचारबाट वञ्चित हुन नदिने प्रस्ताव महत्त्वपूर्ण छन्। तर महिलाले सम्मानजनक स्वास्थ्य सेवा नपाउने, गरिबीका कारण उपचारमा कठिनाइ भोग्ने र अधिकारका लागि संघर्ष गर्नुपर्ने अवस्था कायमै छ।

नागरिकका मुद्दा सम्बोधन गर्ने गरी विधेयक आउनु आफैंमा सकारात्मक हो । स्थानीय चुनाव नजिकिँदै गर्दा आएका यस्ता विधेयकबारे जनताले थाहा पाउँदा त्यसले अर्को आशा जगाउन सक्छ । तर फेरि लागू भएन भने ? नागरिकमा प्रश्न र संशय छ । यसलाई चिर्ने गरी काम होस्। कुनैपनि प्रस्ताव चुनावी अभियानमा सुनाइने नारा मात्रै नहोउन्। जनताले पुराना दल र पुरानो राजनीतिक शैलीमा सुधार खोजेका छन्। जेनजी आन्दोलनको मर्म पनि यही हो। शासन गर्ने तरिका, जवाफदेहिता र नागरिकप्रतिको व्यवहार बदल्नु हो। यसकारण नागरिकलाई अब अर्को सपना होइन, परिणाम चाहिएको छ। सरकारले परिणाम देओस्। दलितले जग्गा पाउन्, घरविहीनले आवास। जनताले बिनासर्त मौलिक हक प्राप्त गरून्, शिक्षक र सरकारी कर्मचारीले सुविधा।

# पूर्वीय शिक्षा : सभ्यताको पाठशाला

पूर्वीय शिक्षाले अक्षरज्ञान र जीविकोपार्जनका सीपसँगै नैतिकता, करुणा, अनुशासन, आत्मबोध र सहअस्तित्वको पाठ सिकाएको छ । आधुनिक शिक्षामा विज्ञान, प्रविधि, अनुसन्धान र नवप्रवर्तन आवश्यक छन्, तर मानवीय मूल्य र संस्कारलाई उपेक्षा गर्नु हुँदैन । ज्ञानलाई विवेकसँग, प्रविधिलाई नैतिकतासँग र प्रगतिलाई मानवतासँग जोड्न सके मात्र शिक्षाले असल व्यक्ति र सभ्य समाज निर्माण गर्न सक्छ ।

**अग्रलेख**



● डा. देवीप्रसाद आचार्य

हाम्रो समाज पूर्वीय मूल्य, मान्यता, संस्कृति र संस्कारबाट प्रशिक्षित छ । पूर्वीय शिक्षाले अक्षरज्ञान मात्र दिएन, आत्मपहिचान र जीवन जिउने कला पनि सिकायो । जीविकोपार्जनका सीपसँगै मानवीय व्यवहार र कर्तव्यबोधको ज्ञान दियो। वेद, उपनिषद्, बुद्ध, महावीर, चाणक्य नीति तथा लोकज्ञानमा आधारित पूर्वीय शिक्षाले सत्य, करुणा, अनुशासन, आत्मसंयम र लोककल्याणका मूल्य स्थापित गरेको छ। चरित्र निर्माण, सहअस्तित्व र मानवीय मूल्यको जग बसाल्न पूर्वीय शिक्षाले महत्वपूर्ण भूमिका खेलेको छ। यस अर्थमा पूर्वीय शिक्षा मानव सभ्यताको पाठशाला हो ।

पूर्वीय शिक्षाले ज्ञानको मूल्य प्रमाणपत्रमा होइन, व्यक्तित्व निर्माणमा खोज्यो । हितोपदेशमा भनिएको छ, 'विद्या ददाति विनयं, विनयाद् याति पात्रताम्' अर्थात् विद्याले विनय दिन्छ र विनयले पात्रता जन्माउँछ । यही पूर्वीय शिक्षाको मूल दर्शन हो । यसले अहंकार त्यागेर विनम्र र सरल बन्न सिकाउँछ । जाति, भाषा, धर्म र सम्प्रदायभन्दा माथि उठेर सम्पूर्ण मानव जातिको कल्याणलाई शिक्षाको उद्देश्य मान्छ । 'वसुधैव कुटुम्बकम्'को भावना, बुद्धको करुणा, महावीरको अहिंसा र उपनिषद्को आत्मबोध यसका महत्वपूर्ण आधार हुन् ।



प्राचीनकालमा शिक्षा ऋषिकुल, देवकुल, पितृकुल, राजकुल र गुरुकुलमा केन्द्रित थियो । वैदिक कालमा शिक्षाको सम्पूर्ण गतिविधि गुरुमै निहित हुन्थ्यो । गुरु र ऋषिहरू समाजका अगुवा मानिन्थे। त्यस समयको सामाजिक जीवनमा नैतिक व्यवहार र आत्मअनुशासनलाई महत्त्व दिइन्थ्यो । तर आधुनिक शिक्षा प्रणालीको विकाससँगै नैतिकता, लोककल्याणको भावना, संस्कार र कर्तव्यबोधजस्ता मानवीय गुण कमजोर बन्दै गएको अग्रज पुस्ताको ठम्याइ छ ।

समाज परिवर्तनशील हुन्छ । समाजको परिवर्तनसँगै शिक्षा बदलिन्छ भने शिक्षाले पनि समाजलाई रूपान्तरण गर्छ। यस अर्थमा शिक्षा र समाजबीच अन्योन्याश्रित सम्बन्ध छ । नेपालमा आधुनिक शिक्षाको विस्तार २००७ सालपछि तीव्र भएको मानिन्छ । आधुनिक शिक्षामा पूर्वीय सभ्यता र दर्शनको प्रभाव भने क्रमशः घट्दै गएको पाइन्छ। शिक्षा प्रणालीमा पूर्वीय सभ्यता र मानवीय मूल्य समेट्न सकिएन भने त्यो सुवास नभएको फूलजस्तै हुन्छ। त्यसैले आधुनिकताको नाममा पूर्वीय दर्शनका मूल्य र मान्यता बिर्सनु हुँदैन ।

शिक्षालाई समयसापेक्ष बनाउने बहस अहिले सान्दर्भिक छ। शिक्षा वैज्ञानिक, अनुसन्धानमुखी र खोजमूलक हुनुपर्छ। विज्ञान, अनुसन्धान र नवप्रवर्तनलाई प्राथमिकता दिनु समयको माग पनि हो । तर आधुनिक शिक्षामा पूर्वीय शिक्षाका आधारभूत मूल्य समावेश नगर्ने हो भने मानवीय संवेदना, संस्कार, विवेक र नैतिकता ओझेलमा पर्न सक्छन् । त्यसैले पूर्वीय सभ्यताको मर्मलाई आधुनिक शिक्षासँग जोड्नु आवश्यक छ ।

रवीन्द्रनाथ ठाकुरले उच्चतम शिक्षाले सूचना मात्र नदिई मानिसको जीवनलाई समग्र अस्तित्वसँग सामञ्जस्यमा बाँध्नुपर्ने विचार व्यक्त गरेका छन् । पूर्वीय शिक्षाले पनि ज्ञानलाई जीविकोपार्जनको साधनमा मात्र सीमित राखेन । यसले मानव, प्रकृति र समग्र सृष्टिबीच सन्तुलन, सहअस्तित्व, मानवता र आत्मीयताको सम्बन्ध स्थापित गर्न जोड दियो। शिक्षित हुनु भनेको सफल हुनु मात्र होइन, असल व्यक्ति बन्नु पनि हो।

शिक्षा व्यक्तिको सर्वाङ्गीण विकासको साधन हो । यसअन्तर्गत आध्यात्मिक, सांस्कृतिक, नैतिक, बौद्धिक, सामाजिक, भाषिक र मानवीय गुणको विकास आवश्यक हुन्छ । पारिवारिक मेलमिलाप, सामाजिक सद्भाव, सहयोग, शान्ति र सुव्यवस्था कायम गर्न नागरिक अनुशासित, सहयोगी, मानवतावादी र सहनशील हुनुपर्छ। यस्ता गुणको विकासमा पूर्वीय दर्शनले महत्त्वपूर्ण योगदान दिन सक्छ।

आज विश्व कृत्रिम बुद्धिमत्ता, भौतिक विकास र वैज्ञानिक उपलब्धिको उचाइमा पुगिरहेको छ । अर्कोतर्फ युद्ध, हिंसा, अमानवीय व्यवहार, अहंकार र शक्तिको प्रतिस्पर्धाले विश्व समुदायलाई चिन्तित बनाएको छ। भौतिक समृद्धिलाई मात्र सफलताको मापदण्ड मान्ने प्रवृत्तिले मानवीय मूल्य कमजोर पार्न सक्छ। यस्तो अवस्थामा विश्व समाजलाई सहिष्णु, उत्तरदायी र विवेकी बनाउन पूर्वीय दर्शन मार्गदर्शक बन्न सक्छ।

शिक्षाशास्त्री ओटावेले मानिसलाई सामाजिक र मानवीय जीवनमा अभ्यस्त बनाउन घर, परिवार, समुदाय र विद्यालयलगायतका संस्थाको भूमिका महत्त्वपूर्ण हुने आशय व्यक्त गरेका छन्। बालबालिकाले प्राप्त गर्ने शिक्षा, वातावरण र संस्कारले उनीहरूको ज्ञान तथा व्यक्तित्व निर्माणमा प्रभाव पार्छ । त्यसैले अबको शिक्षाले शक्तिको प्रतिस्पर्धामा मात्र होइन, सत्यको बाटोमा हिँड्ने नागरिक उत्पादन गर्नुपर्छ। द्वेषको सट्टा सहअस्तित्व, ज्ञानसँगै विवेक र 'सर्वे भवन्तु सुखिनः'को मर्म बुझ्ने तथा व्यवहारमा उतार्ने नागरिक निर्माणमा शिक्षाले योगदान दिनुपर्छ।

हामी एक्काइसौँ शताब्दीको तेस्रो दशकमा छौँ। पुराना सबै कुरा बिर्सेर मात्र समाज अगाडि बढ्न सक्दैन, न त आधुनिक विकासका आधारभूत मूल्यलाई बेवास्ता गरेर नै। त्यसैले विज्ञान, प्रविधि, अनुसन्धान, नवप्रवर्तन, डिजिटल ज्ञान र सीपसँगै पूर्वीय सभ्यताका मानवता, सहिष्णुता र नैतिकताजस्ता गुणलाई पनि शिक्षाको अभिन्न अङ्ग बनाउनुपर्छ।

मानव सभ्यताको भविष्य प्रविधिको विकास, आर्थिक समृद्धि र आधुनिक पूर्वाधारले मात्र सुरक्षित हुँदैन । यसका लागि उच्च नैतिकता, मानवीय संवेदना र कर्तव्यबोध आवश्यक हुन्छ । मौलिक सभ्यताको ज्ञानबाट टाढिएको शिक्षा प्राविधिक रूपमा सक्षम भए पनि सांस्कृतिक रूपमा कमजोर हुन सक्छ । त्यसैले पूर्वीय दर्शन र सभ्यतालाई विगतको स्मरणमा मात्र सीमित नगरी भविष्यको शैक्षिक मार्गचित्र बनाउनुपर्छ।

आधुनिक विज्ञानको यात्रामा पूर्वीय ज्ञानको आलोक मिसिँदा मात्र सुन्दर, सुसंस्कृत र सभ्य समाज निर्माणको आधार बलियो हुन्छ। वैज्ञानिक उपलब्धि बढ्दै जाँदा पनि विश्वमा शान्ति, विश्वास, नैतिकता र सहअस्तित्वका प्रश्न उठिरहेका छन्। देशको भविष्य राजनीतिबाट मात्र होइन, विद्यालय र विश्वविद्यालयका कक्षाकोठा तथा प्रयोगशालाबाट पनि निर्माण हुन्छ। त्यसैले अबको शिक्षाले विज्ञानलाई विवेकसँग, प्रविधिलाई नैतिकतासँग, सीपलाई संस्कारसँग र ज्ञानलाई करुणासँग जोड्न सक्नुपर्छ।

अन्ततः ज्ञानमा करुणा, शक्तिमा मर्यादा र प्रगतिमा मानवता आजको आवश्यकता हो । आधुनिक शिक्षा खोज, अनुसन्धान र नवप्रवर्तनको बाटोमा अघि बढ्नुपर्छ । सँगसँगै डिजिटल प्रविधि र आधुनिक जीवनशैलीमा गुरुकुलको अनुशासन, बुद्धको करुणा, उपनिषद्को आत्मबोध तथा लोकजीवनको व्यावहारिक ज्ञानलाई समेट्नु पनि उत्तिकै आवश्यक छ। आधुनिकता र पूर्वीय मूल्यको समन्वयबाट मात्रै ज्ञानवान्, विवेकी र मानवीय समाज निर्माण गर्न सकिन्छ।

# नागरिकको भरोसा जित्ने आधार

**सुशासन**



● केशव गौतम

*सुशासन लोकतान्त्रिक र समृद्ध नेपालको आधार हो। यसको मापन कानुन र नीतिबाट होइन, नागरिकले पाउने सेवा, पारदर्शिता, जवाफदेहिता र भ्रष्टाचार नियन्त्रणबाट हुन्छ। शासनको गुणस्तर सुधार्न राजनीतिक नेतृत्वको इमानदारी, प्रशासनिक निष्पक्षता र नागरिक सहभागिता अपरिहार्य छन्।*

नेपाल राजनीतिक परिवर्तनपछि संस्थागत स्थायित्व, आर्थिक समृद्धि र प्रभावकारी सार्वजनिक सेवाको खोजीमा छ । संघीय लोकतान्त्रिक गणतन्त्रसँगै नागरिकका अपेक्षा पनि बढेका छन् । जनताले सरकार परिवर्तन मात्र होइन, शासनशैलीमा सुधार, पारदर्शिता, जवाफदेहिता, निष्पक्षता र छिटोछरितो सेवा चाहेका छन् । यी अपेक्षा पूरा गर्ने प्रमुख आधार सुशासन हो ।



सुशासन सरकारी नारा मात्र होइन । यो विधिको शासन, पारदर्शिता, उत्तरदायित्व, जनसहभागिता, समानता, दक्षता र भ्रष्टाचारमुक्त प्रशासनमा आधारित शासन पद्धति हो । नागरिकले सम्मानपूर्वक, सहज र भेदभावरहित सेवा पाउने अवस्था नै सुशासनको अनुभूति हो ।

नेपालको संविधान, २०७२ ले लोकतन्त्र, विधिको शासन, मौलिक अधिकार, सामाजिक न्याय, समावेशिता र उत्तरदायी शासनलाई राज्य सञ्चालनका आधारभूत मूल्यका रूपमा स्थापित गरेको छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ले सार्वजनिक प्रशासनलाई पारदर्शी, जवाफदेही र नागरिकमुखी बनाउने कानुनी आधार प्रदान गरेको छ । तर कानुनी व्यवस्था मात्र पर्याप्त हुँदैन । त्यसको प्रभावकारी कार्यान्वयनबाटै सुशासनको वास्तविक अवस्था मापन हुन्छ।

**उपलब्धि र चुनौती**

संविधान कार्यान्वयनसँगै संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार स्थापना भएका छन् । शिक्षा, स्वास्थ्य, कृषि, सामाजिक सुरक्षा र स्थानीय पूर्वाधारका क्षेत्रमा स्थानीय तहलाई अधिकार दिइएको छ। नागरिकता, राहदानी, कर भुक्तानी, सामाजिक सुरक्षा, विद्युतीय खरिद प्रणाली, डिजिटल भुक्तानी र नागरिक एपजस्ता सेवाको विस्तारले सार्वजनिक प्रशासनमा प्रविधिको प्रयोग बढाएको छ। यसले सेवा प्रवाहलाई केही हदसम्म सहज र पारदर्शी बनाएको छ ।

नेपालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय सूचना आयोग, लोक सेवा आयोग र न्यायपालिकाजस्ता संस्थाले सुशासन प्रवर्द्धनमा भूमिका खेल्दै आएका छन् । तथापि, प्रशासनिक ढिलासुस्ती, जटिल निर्णय प्रक्रिया, राजनीतिक हस्तक्षेप, कर्मचारी व्यवस्थापनका समस्या, सार्वजनिक खरिदमा अनियमितता, विकास आयोजनामा ढिलाइ र भ्रष्टाचार प्रमुख चुनौती बनेका छन् ।

सामान्य सेवा लिन पनि नागरिकले अनावश्यक कागजी प्रक्रिया, सिफारिस र लामो प्रतीक्षा गर्नुपर्ने अवस्था छ । भ्रष्टाचारले सार्वजनिक स्रोतको दुरुपयोग गर्नुका साथै राज्यप्रतिको नागरिक विश्वास कमजोर बनाउँछ। संघ, प्रदेश र स्थानीय तहबीच अधिकार तथा जिम्मेवारीको अस्पष्टता र समन्वयको कमीले पनि सेवा प्रवाहमा समस्या सिर्जना गरेको छ । यद्यपि डिजिटल प्रविधिको विस्तार, युवाको सहभागिता, सूचनाको हकप्रतिको चेतना, सामाजिक सञ्जालमार्फत हुने सार्वजनिक निगरानी र नागरिक समाजको सक्रियताले सुशासनका लागि नयाँ सम्भावना खोलेका छन् ।

**सुधारको आवश्यकता**

लोकतान्त्रिक व्यवस्थाको वास्तविक शक्ति सरकारको अधिकारमा मात्र होइन, नागरिकको विश्वासमा निहित हुन्छ । राज्यका निकाय पारदर्शी, निष्पक्ष र उत्तरदायी भए मात्र नागरिकको भरोसा बलियो हुन्छ ।

सुशासन सुदृढ गर्न सार्वजनिक सेवा प्रक्रिया सरल बनाउने, डिजिटल प्रणाली विस्तार गर्ने, कर्मचारीको क्षमता अभिवृद्धि गर्ने, कार्यसम्पादनमा आधारित मूल्याङ्कन गर्ने र सार्वजनिक खरिदमा पारदर्शिता कायम गर्ने काम आवश्यक छ । नागरिकका गुनासो समयमै सम्बोधन गर्ने तथा सूचनामा सहज पहुँच सुनिश्चित गर्ने व्यवस्था पनि प्रभावकारी हुनुपर्छ । राजनीतिक नेतृत्वले प्रशासनिक निष्पक्षता कायम गर्नुपर्छ भने कर्मचारीतन्त्रले सेवाभाव, इमानदारी र व्यावसायिकता प्रदर्शन गर्नुपर्छ । भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति व्यवहारमै लागू हुनुपर्छ । सुशासन सरकारको मात्र जिम्मेवारी होइन । राजनीतिक नेतृत्व, प्रशासन, न्यायपालिका, सञ्चारमाध्यम, निजी क्षेत्र, नागरिक समाज र आमनागरिक सबै यसको साझेदार हुन् ।

संस्कृतको उक्ति 'सत्यमेव जयते नानृतम्' अर्थात् सत्यको विजय हुन्छ, असत्यको हुँदैन भन्ने सन्देश राज्य सञ्चालनमा पनि उत्तिकै सान्दर्भिक छ । भगवद्गीता (३.२१) मा भनिएको छ, 'यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः।' अर्थात् श्रेष्ठ व्यक्तिले जस्तो आचरण गर्छ, अरूले पनि त्यसैको अनुकरण गर्छन् । यसले असल नेतृत्व र सुशासनबीचको सम्बन्ध स्पष्ट पार्छ ।

सुशासन समृद्ध, न्यायपूर्ण र लोकतान्त्रिक नेपालको आधारशिला हो। यसको सफलता कानुन निर्माणमा मात्र होइन, इमानदार कार्यान्वयन, पारदर्शिता, उत्तरदायित्व र नागरिक सहभागितामा निर्भर हुन्छ।

नेपालले राजनीतिक परिवर्तनको चरण पार गरिसकेको छ। अब शासनको गुणस्तर सुधार्नु आवश्यक छ । नागरिकले भाषणभन्दा सेवा, आश्वासनभन्दा परिणाम र नाराभन्दा सुशासन खोजिरहेका छन्। सरकारी सेवा सहज हुने, भ्रष्टाचार नियन्त्रण हुने र सार्वजनिक स्रोतको सदुपयोग हुने हो भने राज्यप्रतिको नागरिक विश्वास बलियो हुन्छ । सुशासन एकै दिनमा हासिल हुने उपलब्धि होइन, निरन्तर सुधारको यात्रा हो । सबै पक्षले आआफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गरेमा मात्र 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा साकार पार्न सकिन्छ ।

**इतिहासको पाना** ● सन्तोष खडेरी

## बझाङी राजा जयपृथ्वीबहादुर सिंहको लेटरहेड




राष्ट्रिय विभूति बझाङी राजा जयपृथ्वीबहादुर सिंहले बेङ्लोरस्थित जय भवनबाट २९ मे १९२५ मा आफ्ना ससुरा श्री ३ महाराज एवं प्रधानमन्त्री चन्द्रशमशेरलाई पठाएको पत्रको अंश हो यो। पत्रको बायाँपट्टि उनको लोगो र दायाँपट्टि ठेगाना उल्लेख छ। राणाकालीन शैलीअनुसार यसमा महाराजको प्रशस्ति लेखिएको छ। पत्र हेर्दा यो जयपृथ्वीबहादुरकै हस्तलिखित जस्तो लाग्छ। व्यक्तिगत प्रकृतिको भएकाले यहाँ पत्रको पूर्ण पाठ राख्न सम्भव छैन ।

जयपृथ्वीबहादुरको विवाह १७ वर्षको उमेरमा तत्कालीन कमान्डिङ जनरल चन्द्रशमशेरकी छोरी खगदिव्येश्वरीसँग भएको थियो । चन्द्रशमशेरकी जेठी सन्तान खगदिव्येश्वरी, महाराज मोहनशमशेरभन्दा पनि जेठी थिइन् । चन्द्रशमशेर श्री ३ महाराज भएपछि छोरी र ज्वाइँका लागि काठमाडौंको नक्सालमा दरबार बनाइदिएका थिए ।

पछि जयपृथ्वीबहादुर नेपालबाट एक किसिमको विद्रोह गरी भारततर्फ लागे । सुरुमा केही वर्ष देहरादून बसेका उनी त्यसपछि बेङ्लोरमा स्थायी रूपमा बस्न थाले । त्यसपछि चन्द्रशमशेरले नक्सालस्थित घर छोरीज्वाइँबाट खरिद गरेर आफ्नै स्वामित्वमा राखे । पछि उक्त घरमा उनका नाति तथा जनरल केशरशमशेरका शाहजादीतर्फका छोरा जनरल साम्राज्यशमशेर बसे। साम्राज्यशमशेर बसेको उक्त घर 'शाह भवन'का रूपमा प्रसिद्ध भयो ।

बझाङस्थित जयपृथ्वीबहादुरको घर उनकी रानी खगदिव्येश्वरीले आफ्ना भाइ जनरल कृष्णशमशेरलाई दिएकी थिइन्। कृष्णशमशेरले आफ्नो जीवनकालसम्म प्रयोग गर्ने र त्यसपछि कुनै सामाजिक संस्थालाई दान दिने सर्तमा उनलाई घर दिइएको थियो । जयपृथ्वीबहादुर र खगदिव्येश्वरी दुवैको निधन बेङ्लोरमा भयो ।

जनरल कृष्णशमशेरले बेङ्लोरका अन्य एकाध राम्रा स्थानमा समेत जग्गा किनेका थिए। उनी र शाहजादी ताराराज्यलक्ष्मी लामो समयसम्म त्यही घरमा बसे। कृष्णशमशेरको निधनपछि सन् १९८० को दशकमा शाहजादी ताराराज्यलक्ष्मीले उक्त भवन अरविन्दो आश्रमलाई दान दिइन्। बेङ्लोरको पुरानो शैलीको आकर्षक भवनमा अहिले अरविन्दो आश्रम रहेको छ ।

सन् १८७७ अगस्ट २२ मा बझाङको चैनपुरमा जन्मिएका जयपृथ्वीबहादुर सिंह मानवतावादी, शिक्षाविद्, दार्शनिक तथा समाज सुधारक थिए। उनको निधन सन् १९४० सेप्टेम्बर १६ मा बेङ्लोरस्थित जय भवनमा भएको थियो ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# ओडिआई मान्यता जोगाउने लक्ष्यसहित मैदानमा उत्रिँदै नेपाल




**काठमाडौं/मस–** आइसीसी क्रिकेट विश्वकप लिग–२ अन्तर्गतको त्रिकोणात्मक शृंखलामा नेपालले आइतबार क्यानडासँग प्रतिस्पर्धा गर्दैछ। एकदिवसीय अन्तर्राष्ट्रिय (ओडिआई) मान्यता जोगाउने लक्ष्यसहित मैदानमा उत्रिन लागेको नेपालका लागि यो शृंखला निकै महत्वपूर्ण बनेको छ।

लिग–२ को शीर्ष चारमा रहदै सिधै विश्वकप छनोटमा प्रवेश गर्ने नेपालको सम्भावना भने समाप्त भइसकेको छ। शुक्रबार ओमानले क्यानडालाई ४१ रनले पराजित गरेसँगै नेपाल शीर्ष चारबाट बाहिरिने निश्चित भएको हो। अब नेपालले विश्वकप छनोटमा पुग्न प्लेअफको बाटो अपनाउनुपर्नेछ।

क्यानडाविरुद्धको जितसँगै ओमानले २९ खेलबाट ३३ अंक जोडेको छ। नेपालले ३२ खेलबाट २४ अंक हासिल गरेको छ। लिग–२ का बाँकी सबै खेल जिते पनि नेपालको अधिकतम अंक ३२ मात्र पुग्ने भएकोले शीर्ष चारमा पुग्ने सम्भावना समाप्त भएको हो।

लिग–२ को अंकतालिकामा अमेरिका ३४ खेलबाट ४७ अंक जोड्दै च्याम्पियन बनिसकेको छ। स्कटल्यान्ड ३६ खेलबाट ४५ अंकसहित दोस्रो स्थानमा छ भने नेदरल्यान्ड्स ३२ खेलबाट ३८ अंकसहित तेस्रो स्थानमा छ। ओमान ३३ अंकसहित चौथो स्थानमा रहँदा नामिबिया २९ अंकसहित पाँचौं र क्यानडा २५ अंकसहित छैटौं स्थानमा छन्। नेपाल २४ अंकसहित सातौं तथा संयुक्त अरब इमिरेट्स (युएई) १९ अंकसहित आठौं स्थानमा छ। शीर्ष चार टोलीले आगामी फेब्रुअरीमा हुने विश्वकप छनोटमा सिधै स्थान बनाउने व्यवस्था छ। शीर्ष चारमा पर्न नसकेपछि नेपालले अब प्लेअफमार्फत विश्वकप छनोटको यात्रा तय गर्नुपर्नेछ। यसअघि नेपालले शीर्ष चारमा रहँदै छनोट खेल्ने अवसर पाएको थियो।

यद्यपि, नेपालको तत्कालको प्राथमिकता भने ओडिआई मान्यता सुरक्षित गर्नु हो। यस शृंखलामा नेपालले क्यानडा र ओमानसँग दुई–दुई खेल गरी कुल चार खेल खेल्नेछ। तीमध्ये तीन खेल जित्न सके नेपालको ओडिआई मान्यता सुरक्षित हुनेछ। अन्यथा नेपालले विश्वकप छनोट प्लेअफबाटै एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता जोगाउनुपर्ने चुनौती सामना गर्नुपर्नेछ।

नेपालले सन् २०१८ मा जिम्बाब्वेमा आयोजित विश्वकप छनोट प्रतियोगितामार्फत ओडिआई मान्यता प्राप्त गरेको थियो। त्यसयता नेपाली क्रिकेटले अन्तर्राष्ट्रिय स्तरमा आफ्नो उपस्थिति बलियो बनाउने प्रयास गर्दै आएको छ। त्यसैले लिग–२ को अन्तिम शृंखलामा राम्रो प्रदर्शन गर्दै ओडिआई मान्यता सुरक्षित राख्नु नेपालका लागि प्रतिष्ठाको विषयसमेत बनेको छ।

सन्दीप लामिछानेको कप्तानीमा रहेको नेपाली टोलीमा आसिफ शेख, दीपेन्द्रसिंह ऐरी, देव खनाल, ईशान पाण्डे, रोहित पौडेल, अर्जुन कुमाल, सन्दीप जोरा, गुल्सन झा, बसिर अहमद, करण केसी, नन्दन यादव, ललित राजवंशी, साहब आलम र शेर मल्ल रहेका छन्।

ओमानमा जारी शृंखलामा नेपालले ब्याटिङ र बलिङ दुवै पक्षमा सन्तुलित प्रदर्शन गर्नुपर्नेछ। शीर्ष चारमा पुग्ने लक्ष्य पूरा नभए पनि बाँकी खेलमा जित निकाल्दै ओडिआई मान्यता जोगाउनु नेपाली टोलीका लागि मुख्य चुनौती बनेको छ।

# विश्व गोजुरियो करातेमा नेपाल चौथो



**काठमाडौं/मस–** नेपाल आठौं डब्ल्युकेएफ विश्व गोजुरियो कराते च्याम्पियनसिपमा चौथो भएको छ। भारतको पुनेमा भएको प्रतियोगितामा नेपालले ८ स्वर्ण, ९ रजत र ८ कास्य जितेको प्रतियोगितामा रेफ्रीका रुपमा सहभागी रवि शाहीले जनाएका छन्। विवेक शाही, मनीषा मगर, सन्ध्या श्रेष्ठ, राधिका धामी, दिपसन सापकोटा, सलिना तामाङ र सविर श्रेष्ठ डंगोलले नेपाललाई स्वर्ण दिलाए। दिप्सनले दोहोरो स्वर्ण जिते।

अन्भी शाही, वान्स श्रेष्ठ, परास बडिला, जनक सार्की, मनीषा तामाङ, राजवीर राउत, वर्षा केसी, अनमोल रम्तेल र विजय बुढाले रजत हात पारे। अन्भी शाही, आशिका विक, चेलिफुङ लिम्बू, सुविता गौतम र रितु थापाले कास्य प्राप्त गरे। सुविता र रितुले दोहोरो रजत जिते। मिक्स टिम कातामा दिप्सन सापकोटा, बन्दना तामाङ र यनोज महर्जनले पनि कांस्य जिते।

प्रतियोगितामा भारत ४१ स्वर्णसहित पहिलो, दक्षिण अफ्रिका २९ स्वर्णसाथ दोस्रो र चेकिया २१ स्वर्णसाथ तेस्रो भए। निर्णायक शाहीका अनुसार प्रतियोगिताको अर्को संस्करण जर्मनीमा २०२८ मा हुनेछ।


**विशेष दर्ता खारेजी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०६५।०२।२९ मा दर्ता भएको **प्रा.लि. नं. ५३८५१** को **सप्तगण्डकी मिडिया** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनी ले कसैसँग ऋण लिएको वा सो कम्पनी ले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०५/०४ मा दर्ता भएको **प्रा.लि. नं. १२५७१८** को **सोनु बिजनेश प्रा.लि.**को मिति २०८३/०६/२४ मा सम्पन्न विशेष साधारणसभाले कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन)मा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

**लिक्विडेटरः कुमार गुरुङ, इजाजतपत्र नं. ५२१, फोन नं. ९८४१८६१६३०**

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मिति २०८३/०६/२५**

यस कम्पनीको मिति २०८३।०६।०८ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **सेन्ट ज्यूड्स एकेडेमी कपिलवस्तु प्रा.लि. (दर्ता नं. १३१०१६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०६।१५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **सेन्ट ज्यूड्स एकेडेमी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**श्री जनमुखी सामुदायिक वन उपभोक्ता समुह**
**बुद्धभुमि न.पा. ३ कपिलवस्तु**

**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८३/०६/२५**

यस श्री जनमुखी सामुदायिक वन उपभोक्ता समुह बुद्धभुमि न.पा. ३ कपिलवस्तुको आ.व. २०८०/०८१ मा उत्पादन भएको पुनरुत्पादन कटान तर्फ उत्पादन भई समुहको घाटगदीमा भएको बिभिन्न जातका गोलिया काठ थान २०७ को १९२२.५१ क्यु.फिट काठ जे-जस्तो अवस्थमा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ। काठ दाउरामा आधारित उधोग सञ्चालन गर्ने भनि प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचीकृत उधोगले यो सूचना दोस्रो पटक प्रकाशन भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरी १६ औं दिनमा लट अनुसार शिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। बिस्तुत जानकारीको लागि समुहको कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ।

**निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना**

सम्मर बहादुर श्रेष्ठको नातिनी, अमर बहादुर श्रेष्ठको छोरी, काठमाडौं जिल्ला, काठमाडौं म.न.पा.वडा नं. १३ बस्ने, यस बैंकको विराटनगर-हनुमानदास रोड शाखा कार्यालयको खातावाला कुमारी कान्ता श्रेष्ठको मिति २०८३/०४/०७ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा समीर श्रेष्ठले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८३/०६/२५**

मिति २०८३/०५/२२ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **ज्योती सव मनि ट्रान्सफर प्रा.लि** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **राक इन्टरप्राइजेज प्रा.लि (दर्ता नं.: १६९४८०)** कायम गर्ने गरी मिति २०८३/०५/३० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८३/०६/२५**

मिति २०८३/०६/०४ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **न्याशनल इन्स्टिच्युट फर इन्नोभेटीभ म्यानेज्मन्ट एयान्ड एजुकेशन प्रा.लि** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एन.आई.एम.ई नेपाल प्रा.लि (दर्ता नं.: ३९५४००)** कायम गर्ने गरी मिति २०८३/०६/१२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८।०४।२५ मा दर्ता भएको **प्रा.लि. नं. २६७३२३** को **जिनेश सुत्र** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०६।२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६क बमोजिम विशेष दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**भूमि प्रशासन कार्यालय**
**बरहथवा, सर्लाही**

**भूमि प्रशासन कार्यालय बरहथवाबाट जारी हकदावीसम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**सूचना प्रकाशित मितिः २०८३/०६/२५**

यसमा जिल्ला सर्लाही गा.वि.स. छोटौल वडा नं. ८ हाल जिल्ला सर्लाही धनकौल गा.पा वडा नं. ६ बस्ने भजु सहनीको नाती मनियार सहनीको छोरा **रामवृक्ष सहनीको नाममा दर्ता कायम रहेको** भनिएको तपसिल बमोजिमका जगाहरू निज जग्गाधनीको मिति २०७०/११/१० गते र निजको एकमात्र पत्नी चम्पा देवीको पनि मिति २०७१/०३/१५ गतेमा आ-आफ्नो कालगतिले मृत्यु भइकेकोले निजहरूको शेषपछि अपुताली हकखाने कानुनी हकदार एक मात्र छोरा बुझावन सहनीको नाममा एकलौटी नाममा नामसारी तथा श्रेस्ता कायम गरी जग्गाधनी प्रमाणपुर्जा पाउँ भनी द.नं. ४६१ मिति २०८३/०४/२८ गतेको निवेदनबाट माग दावी गरेकोले तपसिलमा उल्लेखित कित्ता जग्गाहरुको श्रेस्ता जीर्ण भई च्यातिएकोले श्रेस्ता कायम सहितको नामसारीको लागि तपसिलमा उल्लेखित जग्गाहरू सरकारी वा सार्वजनिक प्रकृतिको वा अरु कसैको हकहिस्सा/स्वामित्वको वा निज निवेदकहरू बाहेक अरु कोही हकदार भए वा मागदावी बमोजिमको जग्गाहरू निज निवेदकको नाममा श्रेस्ता कायमसहित नामसारी गरी जग्गाधनी प्रमाणपुर्जा दिँदा अरु कोही कसैको हकभोग स्वामित्वमा असर पर्न जाने भए वा निज निवेदकको नाममा उल्लेखित कित्ता जग्गा नामसारी गरी श्रेस्ता कायम गर्न नमिल्ने अन्य कुनै कारण भए यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्न आउनु होला/सूचना गर्नुहोला। तोकिएको म्यादभित्र कसैको दावी विरोध नपरे निवेदकको माग दाबीलाई स्वीकार गरेको मानी प्रचलित कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ।

**तपसिल**

| जिल्ला | गा.वि.म. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गाधनी |
|---|---|---|---|---|---|
| सर्लाही | सिम्रा महिनाथपुर | ६ख | १५ | ०-०-१० | रामवृक्ष सहनी |
| सर्लाही | सिम्रा महिनाथपुर | ६ख | २९ | ०-२-९ | रामवृक्ष सहनी |
| सर्लाही | सिम्रा महिनाथपुर | ६ख | ३३ | ०-२-१२ | रामवृक्ष सहनी |
| सर्लाही | सिम्रा महिनाथपुर | ८ | १२ | ०-२-११ | रामवृक्ष सहनी |
| सर्लाही | सिम्रा महिनाथपुर | ८ | २३ | ०-१-१० | रामवृक्ष सहनी |

**ईति सम्वत २०८३ साल आश्विन १३ गते रोज ६ शुभम्।**

**पोखरा महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पोखरा, कास्की**
**गण्डकी प्रदेश, नेपाल**

**प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको सार्वजनिक सुनुवाइ कार्यक्रम सम्बन्धी सूचना**

**(सूचना प्रकाशन मिति २०८३/०६/२४)**

**कास्की जिल्ला, पोखरा महानगरपालिकाको निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पोखरा, कास्की। |
| प्रस्तावको व्यहोरा | पोखरा महानगरपालिका क्षेत्र अन्तर्गत नदी तथा खोलाका विभिन्न बगर क्षेत्रबाट नदी जन्य पदार्थ ढुङ्गा, गिट्टी तथा बालुवा सङ्कलन तथा उत्खनन कार्यका लागि। |
| प्रभाव पार्न सक्ने क्षेत्र | **पोखरा महानगरपालिकाका वडा नं. ९, १०, ११, १३, १४, १५, १६, १९, २१, २३, २५, २६, २८, २९, ३०, र ३२।** |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीहरू बीच के-कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्न सक्छ भनी यकिन गर्न निम्न स्थान, मिति र समयमा सार्वजनिक सुनुवाइ कार्यक्रम हुने भएकाले सरोकारवाला सबैमा उपस्थितिका लागि अनुरोध गरिन्छ।

**सार्वजनिक सुनुवाइ कार्यक्रम**

| | |
|---|---|
| मिति : २०८३/०६/२९<br>समय : दिनको ९ बजे र १ बजे<br>स्थान (२ केन्द्र) :<br>१. वडा नं. २५ - तुलसीतारा घाट वरिपरि, मानव सेवा आश्रम नजिक (वडा नं. १९, २५ र १६ समेट्ने गरी)<br>२. वडा नं. ११ - वडानं. ११, ९ र १० समेट्ने गरी) | मिति : २०८३/०६/३०<br>समय : दिनको ९ बजे र १ बजे<br>स्थान (२ केन्द्र) :<br>१. वडा नं. २९ - मुसेटुडा–गगन गौंडा नजिक (वडा नं. २९, ३० र ३२ समेट्ने गरी)<br>२. वडा नं. ३३ - दोबिल्ला क्षेत्र (वडा नं. ३३ र २१ समेट्ने गरी) |
| मिति : २०८३/०६/३१<br>समय : दिनको ९ बजे र १ बजे<br>स्थान (२ केन्द्र) :<br>१. वडा नं. १४ - भेडीफार्म तर्फ (वडा नं. २६, १४ र १५ समेट्ने गरी)<br>२. वडा नं. १३ - विजयपुर आसपास (वडा नं. १३ र २८ समेट्ने गरी) | नोट : आवश्यकता अनुसार भेग मिलाई अन्य उपयुक्त घाटवास्थानमा समेत थप सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्न सकिनेछ। |

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, पोखरा, कास्की | मास्टर मिडिया एण्ड सप्लायर्स प्रा.लि., काठमाण्डौ, नेपाल। |
| फोननं.:+९७७६१५७११०५,५७११०४ | फोन नं ९८६३५९२६५४ |
| ईमेल : info@pokharamun.gov.np | ईमेल : mmediasupply@gmail.com |

**प्रमुख प्रशासकीय अधिकृत**



# ZERO COST EMPLOYMENT IN MALAYSIA !!!
# मलेसियामा शुन्य लागतको रोजगारी !!!

**No Recruitment Fees & Cost**: - New issuance or renewal of passport for obtaining an employment, Bio-Medical Examination, visa processing, foreign employment insurance, Welfare & Social security fund (SSF), pre-departure orientation training, air ticket (From Kathmandu Airport to Malaysia Airport For departure), in-bound land transportation, accommodation, and in-transit subsistence costs after an employment offer & Aakarshan's service charge which will be fully covered by the employer.
(शून्य रोजगार खर्च र शुल्क : वैदेशिक रोजगारीको लागि नयाँ राहदानी जारी गर्न वा नविकरण गर्न, स्वास्थ्य परीक्षण, भिषा प्रक्रिया, वैदेशिक रोजगार वीमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष (एसएसएफ), प्रस्थानपूर्वको अभिमुखीकरण तालिम, हवाई टिकट (काठमाडौं एयरपोर्ट देखि मलेसिया एयरपोर्ट सम्म उडानको लागि) ,रोजगारीको सुनिश्चितता पछिको यातायात, आवास, खाना खर्च, र आकर्षणको सेवा शुल्क पूर्ण रुपमा रोजगारदाताले वहन गर्नेछ।)

## A. Employer's Information (रोजगारदाताको विवरण)

Name : Etria Manufacturing Malaysia Sdn. Bhd. — Address : Penang, Malaysia
नाम : एट्रिया म्यानुफ्याक्चरिङ मलेसिया एसडीएन. बिएचडी. — ठेगाना : पेनाङ, मलेसिया

**Short Description About Company & Product (कम्पनी र उत्पादन हुने बस्तुको बारेमा छोटो जानकारी)**

**Etria Manufacturing Malaysia Sdn. Bhd. is a leading communications equipment manufacturer, leveraging the integration of advanced technical capabilities and abundant experience.** (Etria Manufacturing Malaysia Sdn. Bhd एक अग्रणी सञ्चार उपकरण उत्पादन गर्ने कम्पनीहो, जसले उन्नतप्राविधिकक्षमताहरू र प्रशस्तअनुभवको एकीकरणलाई उपयोग गर्छ।)



## B. Pre-Approval Details (पूर्व–स्वीकृतिको विवरण):

| Pre Approval Date: | 2026/04/30 | Consignment No.: | 60254816 | L.T. No.: | 341319 | Re Advertisement |
|---|---|---|---|---|---|---|
| पूर्व स्वीकृत मितिः | २०८३/०१/१७ | चलानी नं.: | ६०२५४८१६ | एल टी नं.: | ३४१३१९ | पुन विज्ञापन |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिधा Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. १. | Machine Operator मेसिन अपरेटर | 1 १ | 0 ० | SLC/SEE १० कक्षा पास | 1,700 १,७०० | 64,226 ६४,२२६ | As per the company rule कम्पनीको नियम अनुसार | 7.5 hours ७.५ घण्टा | 6 Days ६ दिन | As per the company rule कम्पनीको नियम अनुसार | No छैन | Yes छ | 2 Years दुई वर्ष |

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कसले ब्यहोर्ने र कति लाग्ने Who Bears Passport making Fees | स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले ब्यहोर्ने र कति लाग्ने Who Bears Domestic Medical Fees | बिदेशमा गर्ने मेडिकलको शुल्क कसले ब्यहोर्ने Who Bears Overseas Medical Fees | स्वदेशमा गरिने म्यादी जीवन बिमा कसले ब्यहोर्ने/कति लाग्ने Who Bears Foreign Employment Term Life insurance (Domestic) | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Who Bears Foreign Employment insurance Premium (Overseas) | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who Bears Air Fare | भिषा शुल्क कस्ले ब्यहोर्ने Who Bears Visa Fees | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who Bears Visa Stamping Fees | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने Who Bears Pre-Departure Orientation Fees | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Who Bears Welfare Fund Payment | स्वदेशमा लाग्ने सामाजिक सुरक्षा कोषको रकम कस्ले ब्यहोर्ने र कति लाग्ने Who Bears Social Security Fund Payment | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने Who Bears Service Charge |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

## C. Interview Related Information (अन्तरवार्ता सम्बन्धी विवरण)

**Final Interview Schedule** (अन्तिम अन्तरवार्ताको समयतालिका):
Final Interview is schedule for 18 October 2026 (अन्तिम अन्तरर्वार्ता १ कातिक २०८३ मा सञ्चालन हुनेछ ।)
१ जना कोटाको लागि QR कोड मार्फत केवल १० जना उम्मेदवारले मात्र दर्ता दिन पाउँनेछन् ।
For 1 Quota Only 10 candidates will be able to register through QR code

- For further inquiries regarding this opportunity, please contact Mr. Shamvu Nepali, Recruitment & Administrative Executive at 9801122306. (यस अवसर सम्बन्धी थप जानकारीका लागि आकर्षणको भर्ना तथा प्रशासन कार्यकारी सम्भु नेपाली लाई ९८०११२२३०६ मा सम्पर्क गर्नुहोस् ।)
- Applicants must be SLC/SEE pass, and they are requested to bring their academic certificate with them. (आवेदकहरूले SLC/SEE उत्तीर्ण गरेको हुनुपर्नेछ र आफ्नो शैक्षिक प्रमाणपत्र साथमा ल्याउन अनुरोध गरिन्छ ।)
- For accurate and reliable information, please refer to Aakarshan's official social media channels:
  - **Facebook** (फेसवुक) : https://www.facebook.com/AakarshanInternational
  - **TikTok** (टिकटक): https://www.tiktok.com/@aakarshanmanpower
  - **Mobile**(मोबाईल) 9801122306, Telephone Number (टेलिफोन नं.), 01-4598701

**For reliable and accurate information, please rely only on Aakarshan's official social media platforms and channels.**
**(भरपर्दो र सही जानकारीका लागि कृपया आकर्षणको उल्लेखित आधिकारिक सामाजिक संजाल र च्यानलहरूमा मात्र निर्भर रहनुहोला ।)**

## D. Employment Related Information & Provisions (रोजगारसँग सम्बन्धित जानकारी

**1. Prohibition of Sub-Agents and Ethical Recruitment Policy (एजेन्ट रहित र नैतिक नीति)**

In accordance with the Government of Nepal's regulations, the use of sub-agents in the recruitment process is illegal. Aakarshan fully complies with this mandate and operates exclusively under the **"Zero Cost & Fee - Employer Pays Principle (EPP)"** model. Aakarshan conducts all recruitment activities directly, and we do not have any branch offices, agents, or intermediaries. Candidates are not required to pay any fees at any stage of the recruitment process to anyone.
(नेपाल सरकारले वैदेशिक रोजगारमा एजेन्टको प्रयोग पूर्ण रूपमा गैरकानुनी गराएको छ। आकर्षणले यस नियमको पूर्ण रूपमा पालन गर्दै **"शून्य लागत तथा शुल्क-रोजगारदाताद्वारा भुक्तानी"** गर्ने सिद्धान्त अन्तर्गतमा मात्र कार्य गर्दछ। आकर्षणले सबै भर्ती कार्यहरू प्रत्यक्ष रूपमा सञ्चालन गर्दछ र कुनै पनि शाखा कार्यालय, एजेन्ट वा मध्यस्थको प्रयोग हुँदैन। उम्मेदवारहरूले भर्ती प्रक्रियाको कुनै पनि चरणमा कुनै पनि व्यक्तिलाई शुल्क तिर्नु आवश्यक छैन।)

***Aakarshan ensures full alignment and compliance with all 11 Forced Labour Indicators established by the International Labour Organization (ILO) throughout its recruitment process.***
***आकर्षणले आफ्नो भर्ती प्रक्रियाभर अन्तर्राष्ट्रिय श्रम संगठन द्वारा निर्धारण गरिएका जबरजस्तीश्रमका ११ सूचकहरूसँग पूर्ण समन्वय र अनुपालन सुनिश्चित गर्दछ।***

**2. Prohibition of Forced Labour/Freely Chosen Employment (जबरजस्ती श्रमको पूर्ण निषेध/ स्वेच्छिक रोजगारी)**

a. Aakarshan strictly prohibits all forms of forced labor, including debt bondage, involuntary prison labor, and human trafficking. (आकर्षणले अनैच्छिक श्रम, मानव तस्करी लगायत सबै प्रकारका जबरजस्ती श्रमको पूर्ण रूपमा कडाइका साथ निषेध गर्दछ ।)
b. Employment is fully voluntary, and employees may resign or end their contract without penalty, with sufficient notice. Employers must not deduct wages or retaliate against employees. (रोजगार पूर्ण रूपमा स्वेच्छिक हुन्छ, र कामदारले पर्याप्त सूचना दिएर आफ्नो रोजगार सम्झौता कुनै पनि समयमा समाप्त गर्न सक्ने अधिकार राख्दछन्। रोजगारदाताले त्यसबापत तलब कटौती गर्नु वा कर्मचारीविरुद्ध प्रतिशोध गर्नु हुँदैन ।)
c. Candidates are not required to pay any fees, loans, or advance payments to secure employment. Property, educational certificates, livestock, jewelry, phones, or any other valuables must never be deposited or used as a condition for obtaining a job. (उम्मेदवारहरूले रोजगारी प्राप्त गर्नका लागि कुनै पनि शुल्क, ऋण वा अग्रिम भुक्तानी दिनु आवश्यक छैन। रोजगारीको शुनिश्चितताको लागि सम्पत्ति, शैक्षिक प्रमाणपत्र, गाई-भैंसी, गरगहना, फोन वा अन्य कुनै मूल्यवान वस्तु राख्न र प्रयोग गर्न पूर्ण रूपमा निषेध गरिएको छ ।)
d. Workers are not required to join any employer-mandated or compulsory savings programs. Participation in financial or savings schemes is completely voluntary. (कामदारहरूलाई रोजगारदाताद्वारा अनिवार्य रूपमा लागू गरिएका कुनै पनि बचत कार्यक्रम वा योजनामा सहभागी हुन बाध्य पारिने छैन। वित्तीय वा बचतसम्बन्धी कुनै पनि योजनामा सहभागिता पूर्ण रूपमा स्वेच्छिक रहनेछ ।)
e. Repatriation expenses are covered by the employer upon contract completion or early termination with proper notice. (सम्झौता अवधि पूरा भएपछि वा कामदारले उचित सूचना दिएर सम्झौता पूर्व समयमै समाप्त गरेमा, स्वदेश फिर्तीको लागि लाग्ने खर्च रोजगारदाताले पूर्ण रूपमा व्यहोर्नेछ ।)
f. Candidates retain their original documents with themselves. (उम्मेदवारहरूले आफ्नो प्रमाणपत्रहरू आफैंसँग राख्ने अधिकार राख्दछन्।)
g. Employment terms will be clearly communicated in a language understood by worker and will remain unchanged unless any updates are more favorable than the existing terms.(रोजगारका सर्तहरू कामदारले बुझ्ने भाषामा स्पष्ट रूपमा प्रदान गरिनेछ र कुनै पनि शर्तहरु परिवर्तन भएमा हाल भएको भन्दा राम्रो भएमा मात्र परिवर्तनको लागि योग्य हुनेछ ।)

**3. Legal Working Age For Foreign Employment & Verification (वैदेशिक रोजगारका लागि कानुनी उमेर र प्रमाणिकरण)**

All foreign employment applicants must be at least 18 years of age. To verify age, Aakarshan requires applicants to provide at least two official government-issued documents from Nepal, such as: i. National Identity Card , ii. Citizenship Certificate or Any other official document containing a photograph. (वैदेशिक रोजगारका लागि उम्मेदवारको उमेर कम्तीमा १८ वर्ष हुनुपर्छ। उमेर प्रमाणित गर्न, आकर्षणले उम्मेदवारहरूबाट कम्तीमा दुईवटा नेपाल सरकारद्वारा जारी गरिएको फोटो सहितको आधिकारिक कागजपत्र पेश गर्न आग्रह गर्दछ, जस्तैः १.राष्ट्रिय परिचयपत्र २.नागरिकता प्रमाणपत्र वा कुनै पनि फोटोसहितको अन्य आधिकारिक प्रमाणपत्र।)

**4. Working Hours & Overtime Provisions (काम गर्ने समयावधी र अतिरित्त कार्यसमय सम्बन्धी प्राबधानहरु)**

Working hours will comply with the Malaysian Employment Act, 1955. The standard workweek shall not exceed 45 hours, with a maximum of 60 hours per week including overtime in exceptional or emergency situations. All overtime work is voluntary, and workers are entitled to at least one day off every seven days. Work Shift will be night and day shift. (काम गर्ने समय मलेसियाली रोजगार ऐन, १९५५ अनुसार हुने छ। सामान्य कार्यसमय एक हप्तामा अधिकतम ४५ घण्टा हुनेछन्, अपवाद वा आपतकालीन परिस्थितिमा ओभरटाइमसहित अधिकतम ६० घण्टा प्रति हप्ता हुनसक्नेछ। सबै ओभरटाइम काम स्वेच्छिक हुनेछ, र कामदारहरूले प्रत्येक सात दिनमा कम्तीमा एक दिन छुट्टी पाउने अधिकार राख्दछन्। कामको पालो दिन/रात शिफ्टको आधारमा हुनेछ।)
a. Annual Leave : 8 Days (बार्षिक बिदा ८ दिन)
b. Sick Leave : 14 Days (बिरामी बिदा १४ दिन)
c. Hospitalization Leave: 60 Days (हस्पिटल भर्ना भए बापतको बिदा ६० दिन)
d. Public Holiday: 11 Days (सार्वजनिक बिदा ११ दिन)
**All the above-mentioned leave entitlements are fully paid and are applicable for 2-years of employment period.**
**(उल्लिखित सबै प्रकारका छुट्टीहरू भुक्तानीसहित उपलब्ध गराइने छन् र यी २ वर्षे रोजगार अवधिका लागि लागू हुनेछन् ।)**

**5. Wages & Benefits (तलबर सुविधाहरू)**

Workers receive as per Malaysian labour Law.Overtime is voluntarily and paid at higher rates. No unlawful deductions are made from wages, and every worker receives a clear and timely pay slip. Overtime Calculation will be as below. (कामदारहरूले मलेसियाली रोजगार ऐन अनुसार तलब प्राप्त गर्नेछन्।ओभरटाइम स्वेच्छिक हुनेछ र उच्च दरमा भुक्तानी गरिन्छ। तलबबाट कुनै पनि अवैध कटौती गरिँदैन, र प्रत्येक कामदारले स्पष्ट र समयमा तलबको रसिद प्राप्त गर्नेछन् ।)
a. On Normal Days: x1.5 (सामान्य दिनको x१.५ को दरले)
b. On Sunday /Rest Day : X2.0 (आईतबारको/आरम गर्ने दिनको x२.० को दरले)
c. On Public Holiday: X3.0 (सार्वजनिक बिदाको दिनको x३.० को दरले)

**6. Non Discrimination & Respectful Workpalce (भेदभावमुक्त र सम्मानजनक कार्य वातावरण सम्बन्धी प्रावधानहरू)**

Aakarshan promotes a safe, respectful, and inclusive workplace, ensuring equal and fair opportunities in hiring and employment practices. We have zero tolerance for harassment, abuse, or any form of inhumane treatment, and discrimination based on race, color, age, gender, sexual orientation, gender identity, ethnicity, disability, pregnancy, religion, or other protected characteristics is strictly prohibited. Workers are entitled to participate in religious programs and freely observe their respective practices. Discriminatory medical tests are never conducted. (आकर्षणले सुरक्षित, सम्मानजनक र समावेशी कार्यस्थलको प्रवर्द्धन गर्दछ र रोजगार प्रक्रियामा समान तथा निष्पक्ष अवसरको सुनिश्चितता गर्दछ। उत्पीडन, दुर्व्यवहार वा कुनै पनि अमानवीय व्यवहार पूर्ण रुपमा निषेध गरिएको छ। जात, रङ, उमेर, लिङ्ग, जातीयता, अपाङ्गता, गर्भावस्था, धर्म वा अन्य संरक्षित विशेषताका आधारमा कुनै पनि भेदभाव कडाइका साथ निषेध गरिएको छ। कामदारहरूले धार्मिक कार्यक्रममा सहभागी हुन र आफ्ना धर्म/आस्था अनुसार स्वतन्त्र रूपमा अभ्यास गर्न पाउने अधिकार राख्दछन्। भेदभावमूलक मेडिकल परीक्षण कहिल्यै गरिँदैन।)

**7. Freedom of Association & Collective Rights ( संघ/संगठनमा सवंद्ध हुने स्वतन्त्रता र सामुहिक अधिकारहरू सम्बन्धी प्रावधानहरू)**

Workers have the right to freedom of movement, basic liberties, and collective bargaining. They can raise concerns freely without fear of harassment, retaliation, or discrimination based on their association. Workers may join trade unions, engage in collective bargaining and participate in lawful forms of worker representation, in accordance with Malaysian labor law. (कामदारहरूले, आधारभूत स्वतन्त्रता, र सामूहिक हकहितको लागि आवज उठाउने अधिकार राख्दछन्। उनीहरूले कुनै पनि संघ/संगठनको सदस्यताका आधारमा उत्पीडन, प्रतिशोध वा भेदभावको डरविना स्वतन्त्र रूपमा आफ्नो चासो वा सुझाव व्यक्त गर्न सक्नेछन्। कामदारहरूले मलेसियाको रोजगार ऐनअनुसार ट्रेड युनियनमा सदस्यता लिन, वैध रूपमा सामूहिक हकहितको लागि सहभागी हुन, र कर्मचारी प्रतिनिधित्वका कार्यक्रमहरूमा भाग लिन सक्ने अधिकार सुरक्षित राख्दछन् ।)

**8. Ethical Business Practices (नैतिक व्यवसायिक अभ्यास)**

Aakarshan is committed to the highest standards of ethics and integrity in all business interactions. We maintain zero tolerance for bribery, corruption, or any unfair practices, and candidates or their family members are never required to give or receive gifts to secure employment. Privacy of all individuals is protected in accordance with Nepal's Privacy Act, 2017. (आकर्षणले सबै व्यवसायिक कार्यहरुमा उच्चतम स्तरको नैतिकता र ईमानदारीको पालन गर्न प्रतिबद्धता छ। हस्तक्षेप, भ्रष्टाचार वा अन्य कुनै पनि असमान अभ्यासका लागि पूर्ण रुपमा प्रतिबन्ध छ। उम्मेदवार वा उनीहरूको परिवारका सदस्यहरूले रोजगारी सुनिश्चित गर्नका लागि कुनै पनि उपहार दिन वा लिन आवश्यक पर्दैन। सबै व्यक्तिहरूको गोपनीयता नेपालको गोपनीयता ऐन, २०७४ अनुसार सुरक्षित रहन्छ।)

**9. Workplace Health & Safety Provisions (नैतिक व्यवसायिक अभ्यास)**

As per Malaysian Labour Law foreign workers are secure with the followings; (मलेसियाको रोजगार ऐन अनुसार, वैदेशिक कामदारहरूले निम्न सुरक्षा सुविधा पाउनेछन्,)
a. **Employees Provident Fund (EPF):** 2% From the Employer and 2% from the Workers (कर्मचारी सन्चय कोष : रोजगारदाताबाट २% र कामदारबाट २% योगदान।)
b. **Social Security Organization- Employment Injury Schemes (SOCSO) :** 1.25 % from the Employer and 0.5 % from the worker is deducted. It covers workplace injuries, occupational diseases, permanent disablement and death यस योजनाअन्तर्गत रोजगारदाताबाट १.२५% र कामदारबाट ०.५% कटौती गरिन्छ। यसले कार्यस्थलमा हुने चोटपटक, व्यावसायिक रोग, स्थायी अपाङ्गता तथा मृत्युलाई समेट्छ।
c. **Foreign Workers Health Insurance Scheme (SPIKPA):** Provides medical treatment & Hospitalization in Government Hospitals (वैदेशिक कामदार स्वास्थ्य बीमा योजनाः सरकारी अस्पतालमा चिकित्सा उपचार र अस्पताल सेवाहरू उपलब्ध गराउँछ ।)

**Information Provided by Department of Foreign Employment (DOFE):**
**(वैदेशिक रोजगार विभागद्वारा प्रदान गरिएको जानकारी):**

Information provided by the Department of Foreign Employment (DOFE) **वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारीः** 1. Make sure you get the visa in your name. **१. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्।** 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble **२. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ।** 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement **३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्।** 4. Orientation or induction training must be taken before going for foreign employment. **४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ।** 5. Sign the employment contract only after reading carefully about the country, company, services and facilities you are going to And keep a copy of employment contract with yourself. **५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला।** 6. Please use Nepal's Airport while going for Foreign Employment, otherwise there is possibility of being cheated. **६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ।** 7. If you would like to know anything more about this advertisement, please contact Department of Foreign Employment. **७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, सम्पर्क गर्नुहोला ।**

**Note (नोट)**

Sharing of this recruitment information on any social media platform without our prior consent is strictly prohibited. Any unauthorized disclosure or publication can be subjected to appropriate legal action. **(हाम्रो पूर्व स्वीकृति बिना यस भर्तीसम्बन्धी जानकारी कुनै पनि सामाजिक सञ्जालमा शेयर वा सार्वजनिक गर्न कडाइका साथ निषेध गरिएको छ। कुनै पनि अनधिकृत रूपमा जानकारी सार्वजनिक वा प्रकाशन गरिएको पाइएमा सम्बन्धित पक्षविरुद्ध आवश्यक कानुनी कारबाही गर्न सकिने छ ।)**

## E. Grievance and Whistleblower Reporting Alert (गुनासो र गोप्य सूचना दर्ता)

Aakarshan encourages a "Speak-up" culture. Report any unethical behavior without fear. Anonymous reports are welcome, and confidentiality will be ensured. **(आकर्षणले बोल्ने स्वतन्त्रता र आफ्ना धारणा व्यक्त गर्ने अधिकारको सम्मान गर्दछ । कुनै अनैतिक गतिविधि देख्नुभयो भने हामीलाई गोप्य रूपमा जानकारी दिन सक्नुहुन्छ । तपाईको विवरण पूर्ण गोप्य राखिनेछ र बदला रहित वातावरणमा सम्बोधन गरिनेछ।)**

**Grievance Reporting Mechanism of Migration Dristi (माइग्रेशन दृष्टिको गुनासो तथा उजुरी दर्ता गर्ने व्यवस्था)**

**Migration Dristi has been appointed as an independent third-party monitoring and verification partner to ensure this recruitment process is strickly follows zero-fee and ethical procedure. For any issues related to this recruitment process, please contact them for grievance handling purpose. MD Grievence Line: +977 980-7199320**
**(यस भर्ती प्रक्रियामा शून्य लागत र पुर्ण नैतिक प्रक्रियालाई कडाइका साथ पालना गराउने उद्देश्यले माइग्रेसन दृष्टिलाई स्वतन्त्र तेस्रो पक्ष अनुगमन तथा प्रमाणीकरण साझेदारको रूपमा नियुक्त गरिएको छ। यस भर्ती प्रक्रियासँग सम्बन्धित कुनै पनि समस्याका लागि गुनासो व्यवस्थापनका उद्देश्यले उनीहरूसँग सम्पर्क गर्नुहोस्। माइग्रेशन दृष्टि गुनासो लाइनः +९७७ ९८०-७१९९३२०)**

**Grievance Reporting Mechanism of Aakarshan (आकर्षणमा गुनासो दर्ता गर्ने माध्यम):**
Emailing at: grievance@aakarshannepal.org or making direct call & SMS at 9847757089
(इमेल वा गुनासो समन्वय गर्ने नम्बरमा फोन वा एसएमएस मार्फत दर्ता गर्न सक्नु हुनेछ ९८४७७५७०८९ ।)

**AAKARSHAN INTERNATIONAL PVT. LTD.**
(An Ethical Recruitment Agency Since 2005)
Pashupati Road,Ratopul,Ward No.7, Kathmandu,Nepal
Tel: 01- 4598701 (Hotline) | Mobile: 9801122306
Email:information.aakarshan@gmail.com, Web:www.aakarshannepal.com.np

qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015 No.18521/0
OTL ETHICAL RECRUITMENT CERTIFIED AGENCY CERN# NP_2026_0002

Location QR




दाङको घोराही उपमहानगरपालिका-१२ स्थित अवलडाँडामा रहेको धान खेतको फाँट । **तस्बिरः कुलदीप न्यौपाने/रासस**

# ‘प्रसारण शुल्क वैज्ञानिक र लगानीमैत्री आवश्यक’

**मध्यान्ह संवाददाता**
काठमाडौँ, २४ असोज

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) का अध्यक्ष मोहन डाँगीले राष्ट्रिय विद्युत् प्रसारण ग्रिड प्रयोग गरेबापत निर्धारण गरिएको ह्विलिङ चार्ज पुनरावलोकन गर्न सरकार र विद्युत् नियमन आयोगसँग आग्रह गरेका छन् । इप्पानले क्यानडियन फन्ड फर लोकल इनिसिएटिभ्ससँगको सहकार्यमा आयोजना गरेको ‘फ्राइडे फोरम’ कार्यक्रमलाई सम्बोधन गर्दै उनले प्रसारण प्रणालीमा निजी क्षेत्रको पहुँच सुनिश्चित गर्न गरिएको निर्णयलाई सकारात्मक रूपमा लिँदै हाल निर्धारण गरिएको शुल्कले जलविद्युत् आयोजनाको आर्थिक सम्भाव्यता, नयाँ लगानी र अन्तर्राष्ट्रिय बजारमा नेपाली विद्युतको प्रतिस्पर्धात्मक क्षमतामा असर पार्न सक्ने हुँदा उक्त दरलाई वैज्ञानिक, व्यावहारिक र लगानीमैत्री बनाउनुपर्ने बताए ।




उनले ह्विलिङ चार्जको गणना विधि र दरबारे सरकार, विद्युत् नियमन आयोग र निजी क्षेत्रबीच थप छलफल आवश्यक रहेको पनि बताए । ‘जलविद्युत् आयोजनाहरूको प्रतिमेगावाट औसत वार्षिक आम्दानी करिब ३ करोड रुपैयाँको हाराहारीमा छ । यस्तो अवस्थामा प्रसारण शुल्कबापत प्रतिमेगावाट वार्षिक करिब ५० लाख रुपैयाँ तिर्नुपर्ने अवस्था आएमा आयोजनाको आम्दानी र लगानीको प्रतिफलमा उल्लेख्य असर पर्न सक्छ,’ उनले भने,‘यसले सञ्चालनमा रहेका आयोजनाको वित्तीय अवस्था कमजोर बनाउनुका साथै नयाँ आयोजना विकास र विद्युत् व्यापारमा निजी क्षेत्रको लगानी विस्तारलाई समेत निरुत्साहित गर्छ ।’ प्रसारण क्षमताको उपयोग, आयोजनाको आर्थिक अवस्था र क्षेत्रीय विद्युत् बजारमा प्रतिस्पर्धात्मकतालाई ध्यानमा राखेर ह्विलिङ चार्जको दर पुनरावलोकन गरिनु पर्ने उनको भनाई छ ।

सरकारले आगामी १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य अघि सारेको बताउँदै अध्यक्ष डाँगीले यो लक्ष्य हासिल गर्न निजी क्षेत्र प्रतिबद्ध रहेको बताए । उनले अब निजी क्षेत्रलाई विद्युत उत्पादनसँगै विद्युत् व्यापार, प्रसारण पूर्वाधार र बजार सुनिश्चितताका लागि पनि अगाडि आउन दिनुपर्ने बताए । उत्पादन क्षमता विस्तार हुँदै जाने तर, प्रसारण र व्यापारसम्बन्धी समस्या समाधान नहुने हो भने उत्पादित विद्युतको बजार व्यवस्थापन चुनौतीपूर्ण बन्ने उनको भनाई छ । सरकारले १८० दिनभित्र आवेदन दिएर पालो कुरिरहेका जलविद्युत आयोजनासँग विद्युत खरिद सम्झौता (पीपीए) गर्ने भनेपनि अपेक्षित रूपमा प्रक्रिया अगाडि बढ्न नसकेको उनले बताए । पीपीए, प्रसारण पूर्वाधार र विद्युत् व्यापारसम्बन्धी समस्या समाधान हुन सकेमा निजी क्षेत्रको लगानी विस्तार हुनुका साथै राष्ट्रिय उत्पादन तथा निर्यात लक्ष्य हासिल गर्न सहज हुने उनले बताए ।

उनले विद्युत व्यापारका लागि अहिलेसम्म करिब ११ वटा कम्पनीले अनुमतिपत्र दिन माग गर्दै आवेदन दिएको बताउँदै डाँगीले अनुमतिपत्र प्रदान गर्ने प्रक्रिया छिटो अघि बढाउन सरकार समक्ष आग्रह समेत गरे ।

‘निजी क्षेत्रलाई विद्युत् व्यापारमा सहभागी गराउने र प्रसारण लाइन निर्माणमा लगानीको अवसर उपलब्ध गराउने हो भने ऊर्जा क्षेत्रका विद्यमान समस्या समाधान गर्न सहयोग पुग्ने छ,’ उनले भने । विद्युत उत्पादन हरेक वर्ष बढिरहे पनि प्रसारण पूर्वाधार, विद्युत् व्यापार र बजार सुनिश्चिततासम्बन्धी समस्या समाधान हुन नसकेमा सरकारले लिएको उत्पादन तथा निर्यातको लक्ष्य हासिल गर्न कठिन हुने उनले बताए ।

यस्तै, नेपालका लागि क्यानेडियन डेम्युटी राजदूत मार्क एल्लेनले नेपाल र क्यानडाबीच अनुसन्धान, प्रविधि, क्षमता विकास तथा नीतिगत संवादका क्षेत्रमा सहकार्य विस्तार गर्न सकेमा नेपालको हरित ऊर्जा विकास, स्थानीय आर्थिक समृद्धि र क्षेत्रीय ऊर्जा सुरक्षामा सकारात्मक योगदान पुग्ने बताए ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका पूर्व सचिव एवम् इप्पानका प्रमुख विज्ञ सल्लाहकार दिनेशकुमार घिमिरेले अब नदी प्रवाही आयोजनामाथिको अत्यधिक निर्भरता घटाएर अर्धजलाशय, जलाशय, पम्प स्टोरेज र सौर्य ऊर्जाको विकासमा जोड दिनुपर्ने समय आएको बताए । उनले नेपालमा विद्युत उत्पादन बढाउनु मात्र पर्याप्त नहुने उल्लेख गर्दै ऊर्जा सुरक्षालाई बलियो बनाउन उत्पादनको संरचना सन्तुलित बनाउने, प्रसारण तथा वितरण पूर्वाधार विस्तार गर्ने र आन्तरिक विद्युत खपत बढाउने नीति आवश्यक रहेको बताए ।

‘नेपालको जलविद्युत उत्पादनमा नदी प्रवाही आयोजनाको बाहुल्यता छ । यसले सुख्खायाममा विद्युत् अभाव र वर्षायाममा बढी विद्युत् उत्पादन हुने समस्या सिर्जना गरिरहेको छ । त्यसैले अब जलाशय आयोजना तथा अन्य नवीकरणीय ऊर्जाका स्रोतको विकास हुन नसके ऊर्जा प्रणालीको विश्वसनीयता र दीर्घकालीन ऊर्जा सुरक्षामा चुनौती आउँछ,’ उनले भने ।

नेपालले लामो समयदेखि जलाशययुक्त आयोजनाको हिस्सा २० देखि २५ प्रतिशतसम्म पुऱ्याउने लक्ष्य राख्दै आएको भए पनि अपेक्षित प्रगति हुन नसकेको उनको भनाई छ । उनले तत्कालीन आवश्यकता सम्बोधन गर्न सौर्य ऊर्जा र ब्याट्रीमा आधारित ऊर्जा भण्डारण प्रणालीको विकासलाई जान सकिने सुझाव पनि घिमिरेले दिए ।

# भेडाच्याङ्ग्रा बिक्री गर्न महिनौं पैदल हिँडेका किसानलाई बजारको चिन्ता

**म्याग्दी/रासस-** दसैंका लागि भेडाच्याङ्ग्रा बेच्न मुगुबाट हिँडेका सन्जय बिकसहित चार जना किसान ३६ दिनको कष्टकर यात्रापछि शुक्रबार साँझ म्याग्दीको गलेश्वर आइपुगे ।

प्रतिकूल मौसम, हिमपात र सडक अवरुद्ध हुँदा उनीहरूको यात्रा निकै कष्टपूर्ण बन्यो । लामो यात्रा गरेर बजारसम्म आइपुग्दा पनि समयमै बिक्री गर्न नपाइने चिन्ताले उनीहरूलाई सताएको छ । मुगुको छायानाथ रारा नगरपालिका-६ का बिकको टोलीले दुई सय भेडाच्याङ्ग्रा खेदाएर ल्याएको हो । त्यसमध्ये एक सय आफ्नै घरमा पालेका र एक सय छिमेकीबाट खरिद गरेका हुन् । दसैंका लागि पोखरामा बिक्री गर्ने उद्देश्यले उनीहरू गत भदौ १८ गते घरबाट हिँडेका हुन् ।

‘यसपालि प्रतिकूल मौसम र मुस्ताङ जोड्ने बेनी-जोमसोम सडक अवरुद्ध हुँदा धेरै दुःख पाइयो,’ बिकले भने, ‘डोल्पाको छार्कामा हिमपात भएपछि एक हप्ता रोकियौँ । घरबाट हिँडेको ३६ दिनमा बल्ल गलेश्वर आइपुगेका छौँ ।’

शनिबार गलेश्वरबाट भेडाच्याङ्ग्रा गाडीमा राखेर पोखरा लैजाने उहाँहरूको योजना छ । तर, दसैं नजिकिँदै गर्दा बजारमा माग र बिक्री कस्तो होला भन्ने चिन्ता छ । ‘ढिला भइसकेको छ। अब बजारमा बिक्री हुने हो कि होइन भन्ने चिन्ता लागेको छ,’ बिकले भने ।

डोल्पाको काइके गाउँपालिका-२ का मानप्रसाद रोकायासहित सात जना किसान पनि सात सय भेडाच्याङ्ग्रा लिएर पोखरातर्फ लागेका छन् । उनीहरू शुक्रबार म्याग्दीको घोडेपानी हुँदै कास्कीको पोखरातर्फ गएका हुन् ।

रोकायाको टोली घरबाट हिँडेको २२ दिन भइसकेको छ । भेडाच्याङ्ग्रापालन नै मुख्य पेसा भएकाले उनीहरू हरेक वर्ष बिक्रीका लागि विभिन्न बजार पुग्ने गर्छन् । तर, यसपालि बाढीपहिरोले यात्रामा थप सास्ती दिएको छ ।



असोज ८ देखि ११ गतेसम्मको वर्षापछि आएको बाढीपहिरोले बेनी-जोमसोम सडकको म्याग्दी खण्ड अवरुद्ध बनायो । यसले भेडाच्याङ्ग्रा खेदाएर ल्याउने र सवारीसाधनमा ढुवानी गर्ने दुवै काम प्रभावित भए । कतिपय किसानले लामो दूरी पैदल हिँड्नुपऱ्यो । सडकको अवस्थाका कारण बजारसम्म पुग्न ढिलाइ भएको हो । डोल्पाको काइके गाउँपालिका-२ सहरताराका सञ्जय बुढा पनि २५ दिन पैदल हिँडेर एक सय ६० च्याङ्ग्रा बिक्री गर्न पोखरातर्फ लागेका छन् । समुद्री सतहदेखि चार हजार मिटरभन्दा माथिका क्षेत्रमा पालिएका च्याङ्ग्रा खेदाएर ल्याउन सहज छैन ।

‘भिर, खोल्सा र साँघुरो बाटोमा च्याङ्ग्रालाई हिँडाएर बजार पुर्याई बिक्री गर्नु हाम्रो परम्परादेखिकै पेसा हो,’ उनले भने । दसैं नजिकिएसँगै हिमाली क्षेत्रका भेडाच्याङ्ग्रा बजार झर्न थालेका छन् । तर, प्रतिकूल मौसम र सडक अवरोधले यसपालि किसान तथा व्यापारीलाई समस्या भएको छ । डोल्पा, जुम्ला र उपल्लो मुस्ताङबाट भेडाच्याङ्ग्रा लिएर आएका किसान तथा व्यापारीको जोमसोमदेखि बेनीसम्म चहलपहल छ । मुस्ताङबाट बेनी-जोमसोम सडक हुँदै गलेश्वर ल्याइएका भेडाच्याङ्ग्रा ट्रक र कन्टेनरमा राखेर पोखरा, काठमाडौँलगायत सहरमा पठाउन थालिएको छ ।

यद्यपि, डोल्पाबाट मुस्ताङ आउने बाटो हिउँले ढाकिँदा त्यहाँका सबै किसानले भेडाच्याङ्ग्रा बजारसम्म ल्याउन नसकेको कृषि तथा पशुपन्छी विकास कार्यालय मुस्ताङका प्रमुख लालमणि अर्यालले बताए ।

तातोपानी र रसुवा नाका बन्द भएकाले यसपालि ठूला सहरमा भेडाच्याङ्ग्रा आपूर्तिको मुख्य मार्ग मुस्ताङ बनेको छ । जोमसोममा भेडाच्याङ्ग्राको स्वास्थ्य परीक्षण गरी निकासी अनुमति दिने व्यवस्था मिलाइएको छ । कार्यालय प्रमुख अर्यालका अनुसार हालसम्म १० हजार भेडाच्याङ्ग्राको स्वास्थ्य परीक्षण गरेर निकासी अनुमति दिइएको छ । गत वर्ष १८ हजार भेडाच्याङ्ग्रा निकासी भएका थिए ।

**लागत बढ्यो**

यात्रा लामो हुँदा किसान र ब्यापारीको खर्च बढेको छ । मुस्ताङमा सडक, विद्युत् र सञ्चार सेवा अवरुद्ध हुँदा किसानसँग सम्पर्क गर्नसमेत कठिन भएको व्यापारीको भनाइ छ । बेनी नगरपालिका-९ का डेकबहादुर चोखालका अनुसार मुस्ताङमा असोज दोस्रो सातादेखि सडक, विद्युत् र सञ्चार सेवा अवरुद्ध हुँदा भेडाच्याङ्ग्रा खरिदमा समस्या भयो ।

‘किसानसँग सम्पर्क हुन नसकेपछि भनेजस्तो भेडाच्याङ्ग्रा ल्याउन पाइएन,’ उनले भने । मुस्ताङमा आकार अनुसार भेडा प्रतिगोटा ३२ हजारदेखि ३५ हजार र च्याङग्रा प्रतिगोटा ४० हजारको हाराहारीमा खरिदबिक्री भइरहेको ब्यापारीहरुले बताएका छन् । बेनीमा भने भेडा प्रतिगोटा करिब ३६ हजार र च्याङ्ग्रा ४५ हजार पर्ने बेनी नगरपालिका-९ तोरीपानीका यामबहादुर बानियाले बताए । ‘पाँच वर्ष उमेर पुगेका च्याङ्ग्रा मासुका लागि उपयुक्त मानिन्छन्,’ उनले भने ‘महाँगो परेपनि दसैँमा हिमाली क्षेत्रमा जडीबुटीयुक्त बुकीमा चरेका च्याङ्ग्राको मासु खाने चलन छ ।’ मुस्ताङी भेडाच्याङ्ग्राको ठूलो बजार पोखरा र काठमाडौँ हुन् । म्याग्दी, बागलुङ, पर्वत, स्याङ्जा, तनहुँ र लमजुङमा पनि यसको माग हुने गरेको धवलागिरि गाउँपालिका-७ का खसी व्यापारी प्रेम छन्त्यालले बताए ।

मुस्ताङको नामग्यालका किसान तेन्जिङ गुरुङले मुख्य आयस्रोत च्याङ्ग्रापालन भएको बताए । मुस्ताङका वारागुङ मुक्तिक्षेत्र, घरपझोङ, लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकामा करिब ५० हजार च्याङ्ग्रा पालिएका छन् । उपल्लो मुस्ताङका किसानको मुख्य आयस्रोत च्याङ्ग्रापालन हो । च्याङ्ग्राको शरीरबाट निस्कने भुवा पस्मिनाको कच्चा पदार्थका रूपमा प्रयोग हुन्छ । तर, च्याङ्ग्रापालनमा पनि अनेक चुनौती छन् । हिउँचितुवा र ब्वाँसोको आक्रमणबाट पशु जोगाउन किसानलाई कठिन हुन्छ । पर्याप्त हिउँ नपर्दा लेकाली क्षेत्रमा घाँस कम उम्रिने र आहारको अभाव हुने समस्या छ । हिउँदमा अत्यधिक हिमपात हुँदा पनि आहार नपाएर भेडाबाखा मर्ने गरेका छन् । दसैंको बजारबाट वर्षभरिको आम्दानी जुटाउने आशामा किसानले हिमालबाट भेडाच्याङ्ग्रा खेदाएर ल्याउँछन् । तर, यसपालि प्रतिकूल मौसम र सडक अवरोधले उनीहरूको यात्रा लम्बिएको छ । लामो दूरीको पैदल यात्रा, थप खर्च र बिक्रीमा भएको ढिलाइले किसानको आम्दानी प्रभावित हुने चिन्ता बढाएको छ ।

# चियाको गुणस्तर सुधार्न परीक्षण प्रयोगशाला स्थापनाको पहल

**झापा/मस-** चियाको गुणस्तर परीक्षणलाई सहज बनाउँदै नेपाली चियाको बजार पहिचान कायम राख्न झापामा चिया परीक्षण प्रयोगशाला स्थापना गर्न पहल गरिने भएको छ ।



जिल्ला प्रशासन कार्यालय झापाको पहलमा राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, क्षेत्रीय कार्यालय झापाको आयोजनामा तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय भद्रपुरको समन्वयमा शुक्रबार आयोजित चिया उद्योगी तथा सरोकारवालाबिचको अन्तरक्रियामा प्रयोगशाला स्थापनाका लागि सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरिएको हो ।चिया उत्पादनको लामो इतिहास बोकेको झापामा परीक्षण प्रयोगशाला स्थापना हुँदा चियाको गुणस्तर परीक्षण गर्न सहज हुने र गुणस्तर सुधारमा सहयोग पुग्ने सहभागीको भनाइ थियो । हाल राष्ट्रिय चिया तथा कफी विकास बोर्डको केन्द्रीय कार्यालय काठमाडौँमा मात्र चिया परीक्षण प्रयोगशाला रहेको जनाइएको छ ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले नेपाली चियाले अन्तर्राष्ट्रिय बजारमा बनाएको पहिचान कायम राख्न गुणस्तरमा विशेष ध्यान दिनुपर्ने बताए । ‘चियाको गुणस्तर कायम राख्नु उपभोक्ताको स्वास्थ्यसँग जोडिएको विषय हो । तयारी चियामा अखाद्य र बाह्य पदार्थको मिसावट रोक्न र खाद्य सुरक्षा मापदण्डको पालना सुनिश्चित गर्न सबै सरोकारवाला जिम्मेवार हुनुपर्छ,’ उनले भने । उनले चियाको उत्पादनदेखि प्याकेजिङ र बजारसम्म गुणस्तर कायम राख्न सम्बन्धित निकाय, उद्योगी तथा व्यवसायीबिच समन्वय आवश्यक रहेको बताए । अन्तरक्रियामा तयारी चियाको गुणस्तर, खाद्य सुरक्षा मापदण्डको पालना, उपभोक्ताको स्वास्थ्यमा पर्न सक्ने असर तथा मापदण्ड विपरीत रङ वा अन्य पदार्थ प्रयोग गरेमा प्रचलित कानुनअनुसार हुने दण्ड, जरिवाना र सजायका व्यवस्थाबारे जानकारी गराइएको थियो ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, क्षेत्रीय कार्यालय झापाका प्रमुख इन्द्रप्रसाद अधिकारीका अनुसार जिल्लामा ३८ चिया उद्योग सञ्चालनमा छन् । गत आर्थिक वर्षमा झापामा नौ करोड ८५ लाख किलो सिटिसी चिया उत्पादन भएको थियो ।

जिल्लामा १० हजार ५०० हेक्टर क्षेत्रफलमा चिया खेती हुँदै आएको छ । त्यसमध्ये तीन हजार ६०० हेक्टरमा साना किसानले चिया खेती गर्दै आएका छन् भने करिब तीन हजार किसान यस क्षेत्रमा संलग्न छन् । कार्यक्रममा चियामा बाह्य पदार्थको मिसावट रोक्न, गुणस्तर सुधार गर्न तथा किसानलाई समयमै रासायनिक मल उपलब्ध गराउन वितरण प्रणाली प्रभावकारी बनाउनुपर्ने विषयमा पनि छलफल भएको थियो । मल वितरण प्रणालीलाई प्रभावकारी बनाउन बोर्डले प्रदेश सरकारसँग समन्वय गर्नुपर्नेमा सहभागीले जोड दिएका थिए ।

# टिवानको अध्यक्षमा काफ्ले निर्वाचित

**काठमाडौं/मस-** पर्यटक बस व्यवसायीको छाता संस्था टुरिष्ट बस एसोसियसन अफ नेपाल (टिवान) को अध्यक्षमा ढकनाथ काफ्ले निर्वाचित भएका छन् ।

एसोसियसनको १५औँ वार्षिक साधारणसभा तथा आठौँ निर्वाचनबाट काफ्लेको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो । एसोसियसनको प्रथम उपाध्यक्षमा सुजन आचार्य, द्वितीय उपाध्यक्षमा चिरञ्जीवी गिरी, महासचिवमा अशोक अर्याल, कोषाध्यक्षमा सुजन दाहाल निर्वाचित भए । यस्तै, सदस्यमा रमेश पौडेल र छविलाल घिमिरे निर्वाचित भएका छन् ।



दुई दशकदेखि नेपालको पर्यटन क्षेत्रमा क्रियाशील नवनिर्वाचित अध्यक्ष काफ्ले यसअघि टिवानको पूर्वउपाध्यक्ष तथा नेपाल एशोसियसन टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) केन्द्रको सहकोषाध्यक्ष थिए ।

साधारणसभालाई सम्बोधन गर्दै बागमती प्रदेशका उद्योग, पर्यटन, श्रम तथा यातायातमन्त्री राजेन्द्र प्रजापतिले पर्यटन क्षेत्रको विकासका लागि बागमती प्रदेश सरकार लागिरहेको बताए । नेपालको पर्यटन क्षेत्रको विकासका लागि केन्द्र, प्रदेश र स्थानीय सरकारबीच समन्वय आवश्यक रहेको उनले बताए ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष पुन्यप्रसाद सिटौलाले पर्यटन बसको आकर्षण बढाउनका लागि पर्यटन व्यवसायी एकजुट हुनुपर्ने बताए । उनले पर्यटन बस उचित व्यवस्थापन नहुँदा व्यवसायी र यात्रु दुवैलाई असुविधा भइरहेको भन्दै पर्यटक बस पार्किङका लागि व्यवस्थित बसपार्क आवश्यक रहेको बताए ।

नेपाल पर्यटन बोर्ड सञ्चालक समितिका सदस्य सहदेव धमलाले मुलुकको पर्यटन क्षेत्रको विकासका लागि नेपाल पर्यटन बोर्डलाई सातै प्रदेशमा विस्तार गर्नेबारे छलफल भइरहेको बताए । उनले पर्यटन क्षेत्रको समस्या समाधान गर्न व्यवसायी एकताबद्ध हुनुपर्ने उल्लेख गरे ।

# नेपाल टेलिकमले ल्यायो चाडपर्व अफर

**काठमाडौं/मस-** नेपाल टेलिकमले नेपालीहरुको महान चाड दसैं, तिहार तथा छठ लगायतका विभिन्न पर्वहरुको अवसरमा आफ्ना ग्राहकहरुका लागि दसैं तिहार अफर उपलब्ध गराउने भएको छ । सो अफर अन्तर्गत एफटीटीएच प्याकेज जडानमा छुटका साथै जीएसएम प्रिपेड र पोस्टपेड मोबाइलमा सहुलियत दरका भ्वाइस तथा डाटा प्याकेज लगायतका सुविधा उपलब्ध हुनेछन् ।

यस अफर अन्तर्गत असोज २५ देखि कार्तिक ३० सम्म नयाँ एफटीटीएच प्याकेज जडान गर्ने ग्राहकहरुलाई जडान शुल्क ५०० रुपैयाँ मिनाहा गरिने छ । त्यसैगरी १००, १५० र २०० एमबीपीएसको नयाँ वार्षिक प्याकेज लिने ग्राहकहरुलाई एक महिना थप सहित १३ महिनाको प्याकेज उपलब्ध हुनेछ । यसमा




बोनसको रुपमा उपलब्ध हुने मोबाइल डाटा समेत १३ महिना सम्म नै उपलब्ध हुनेछ । भर्चुअल सेट-टप बक्स सहितको प्याकेज लिने ग्राहकहरुका लागि १ हजार छुट पहिले देखि नै उपलब्ध छ ।

अफर अन्तर्गत जीएसएम मोबाइल सेवाका ग्राहकहरुका लागि ४९९ रुपैयाँमा ५ जीबी फेस्टिभल अनलिमिटेड र ६९९ रुपैयाँमा १० जीबी फेस्टिभल अनलिमिटेड प्रिमियम डाटा प्याकेज उपलब्ध हुनेछ । फेस्टिभल अनलिमिटेड प्याकेज खरिद गर्ने ग्राहकले प्रतिदिन तोकिएको ५ जीबी डाटा भोल्युम खपत भैसकेपछि बाँकी समयावधि २ एमबीपीएस गतिमा र फेस्टिभल अनलिमिटेड प्रिमियम प्याकेज खरिद गर्ने ग्राहकले प्रतिदिन तोकिएको १० जीबी डाटा भोल्युम खपत भैसकेपछि बाँकी समयावधि ३ एमबीपीएस गतिमा अनलिमिटेड डाटा प्रयोग गर्न सक्नु हुनेछ । यसका साथै २५० रुपैयाँमा १००० मिनेट अल-नेट भ्वाइस सुविधा सहितको जोयफुल मिनेट्स र ९९रुपैयाँमा १ हजार अन-नेट एसएमएस सुविधाको फेस्टिभ म्यासेज प्याकेज समेत उपलब्ध हुनेछ । यी सबै प्याकेज प्रयोगकर्ताका लागि ३० दिनको समयावधि तोकिएको छ ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौँ, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**